# माडी गाउँपालिका
# गाउँ सभाको १७ औं अधिवेशन

आ.व.२०८२/८३ का लागि

## नीति तथा कार्यक्रम

गाउँ सभामा पेश मितिः २०८२/०३/०४
गाउँ सभाबाट परित मितिः २०८२/०४/०४

माडी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
घर्तिगाउँ, रोल्पा।

**यस गाउँपालिकाको गाउँसभाको १७ औं अधिवेशनमा उपस्थित**
**सभाका सदस्यज्यूहरु,**
**अन्य कर्मचारी मित्रहरु,**
**पत्रकार तथा सुरक्षाकर्मी मित्रहरु,**
**सम्पूर्णमा नमस्कार,**

- माडी गाउँपालिकाको गाउँसभाको १७ औ अधिवेशनमा उपस्थित उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार तथा सुरक्षाकर्मीहरु, सर्वप्रथम गाउँसभाको यस महत्वपूर्ण अधिवेशनमा यहाँहरु सवैलाई हार्दिक स्वागत तथा धन्यवाद व्यक्त गर्दछु।यस १७ औ अभिवेशनमा साभाध्यक्षको रुपमा सम्मानित साभालाई सम्बोधन गरिरहदाँ मलाई अत्यन्तै खुसी लागेको छ।
- सर्वप्रथम, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि अमूल्य जीवन उत्सर्ग गर्नुहुने प्रातः स्मरणीय महान् सहिदहरुप्रति श्रद्धा सुमन अर्पण गर्दछु। यस क्रममा भएका सबै आन्दोलन तथा सङ्घर्षको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु। साथै, बेपता परिवार, घाइते, अपाङ्ग तथा आन्दोलनमा अमुल्य योग्दान गर्ने सम्पूर्ण दिदिबहिनी र दाजुभाईहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु। प्रत्येक माडी बासीलाई आफ्नो ईतिहास र स्वाभिमान, सङ्घर्ष र बलिदान, परिवर्तन र उपलब्धी प्रति गौरव बोध गराउन, जनतामा गाउँपालिका प्रति थप आशा र भरोसा पैदा गर्न, आर्थिक गतिशीलता बढाउन, आर्थिक अनुशासन कायम गर्न, सेवा प्रभाव प्रक्रियालाई चुस्त दुरुस्त बनाउन र दण्डहिन्ताको अन्त्य गर्न यो सरकार प्रतिबद्ध छ।
- संघीयता कार्यान्वयनको क्रममा स्थानीय तहको निर्वाचन पश्चाप निर्वाचित भई यहाँ सम्म आईपुग्दा चुनावी घोषणा पत्र र अन्य साझा प्रतिवद्धता तथा प्राथामिकतालाई केन्द्रमा राखी साझा संकल्पका का साथ कृषि र पशुपंक्षीको विकासको आधुनिकीकरण गरी स्थानीय प्राकृतिक स्रोत साधनको भरपुर उपयोग गदै दिगो पूर्वाधार विकासको माध्यमबाट सामाजिक न्याय तथा सुशासन सहितको समृद्ध माडी निर्माण गर्न सरकार कटिबद्ध छ।
- समाजमा बेलाबेलामा प्रकट हुने नकरात्क सोचको दोहन गरी संविधान र व्यवस्था प्रति अफवाह फैलाई गाउँपालिका भित्र अराजकता सिर्जना गर्ने पक्षविरुद्ध स्थानीय शासन प्रणालीलाई सुदृढ गर्दै माडी बासीको वलिदान, संघर्ष र आन्दोलनले ल्याएको दुरगामी महत्वका उपलब्धीहरुको रक्षा गर्न यो सरकार दृढ छ।
- माडीवासीको विकास, शान्ति एवम् समृद्धिका लागि सेवा प्रवाहमा सरलीकरण, पूर्वाधार निर्माण एवम् नवप्रवर्तनात्मक प्रकृतिका कार्यक्रम संचालन गरिदै आएको छ। माडी वासीको आवश्यकता बमोजिम सीप तथा क्षमता विकास, रोजगारी सिर्जना, आय आर्जनमा वृद्धि गदै जिवनस्तरमा दिगो सुधार एवम् उत्पादन र उत्पादकत्व वृद्धिका कार्यक्रम संचालन भईरहेका छन् भने माडी गाउँपालिकालाई कृषि पशुपंक्षी र दिगो पूर्वाधारः समृद्ध माडीको आधार बनाउन रणनीतिक प्राथामिकतामा लगानी केन्द्रित हुने गरी कार्यक्रम संचालन गर्नुपर्ने आवश्यकताको महशुस गरिएको छ।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दीगो शान्ति, सुशासन, विकास समृद्धिको आकांक्षा पूरा गर्न नेपालको संविधान बमोजिम स्थानीय तहको दोस्रो निर्वाचन पश्चात दोश्रो कार्यकालका लागि हामी निर्वाचित भएको पनि तीन बर्ष भन्दा बढी व्यतित भइसकेको वर्तमान सन्दर्भमा हामी नयाँ सोच र उर्जाका साथ माडी गाउँपालिकाको गाउँसभाको १७ औं अधिवेशनको शुभारम्भमा आईपुग्दा यस नीति तथा कार्यक्रम संघीयताको कार्यान्वयन संगै सिंहदरबारको अधिकार जनताको बीचमा पुर्याउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ र केहि हदसम्म सिंहदरबारको आभाष पनि दिलाई सकेका छौ।
- सार्वभौमसत्ता जनतामा निहित भएको वर्तमान अवस्थामा माडी गाउँपालिकाको जनताका भावना, चाहना र अवश्यकताको पहिचान गर्न विकासका सम्पूर्ण क्रियाकलापमा जनतालाई केन्द्रविन्दुमा राखी सहभागितामूलक विकास पद्धति अवलम्बनमा जोड दिदै समृद्ध माडी निर्माणको जग स्थापना गर्न माडीवासीको जीवनस्तर माथि उठाउन र जनताको चाहनालाइ सार्थक तुल्याउन २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु।
- नेपालको संविधान बमोजिम शासन प्रणालीको नयाँ शासकीय संरचनाका रुपमा स्थानीय सरकारको स्थापनाको पहिलो कार्यकालमा यस गाउँपालिकाले विभिन्न नीतिगत, कानूनी, संरचनागत तथा व्यवस्थापकीय पक्षमा सुधार गरी प्रभावकारी रुपमा कार्य सम्पादन गर्दै विकास, शासन र सेवा प्रवाहका क्रियाकलापहरुलाई तिव्रताका साथ अगाडी बढाउन सफल भएको विषय स्मरण गराउदै यो कार्यकालमा विकास, शान्ति सुशासन, समाजिक न्याय र समृद्धिमा योगदान पुर्याउने कार्यक्रममा जोड दिईने प्रतिवद्धता यहाँहरु समक्ष राख्न चाहन्छु।
- बदलिदो समय र परिस्थिति सँगै पछिल्लो समयमा देखापरेको विश्व अर्थतन्त्रमा आएको उतारचढावले गर्दा नेपालको अर्थतन्त्र पनि त्यसबाट प्रभावित भएको कारण संघ र प्रदेशबाट प्राप्त हुने अनुदानको सीमा समेत घटेर आएको वर्तमान परिप्रेक्षमा सीमित स्रोतबाट नागरिकका अधिकतम आवश्यकता पूरा गर्नुपर्ने चुनौती हामीमाझ रहेको छ।

**गाउँसभा सदस्य ज्यूहरु,**

**अब म यस सम्मानित सभा समक्ष चालु आर्थिक बर्षसम्म हासिल भएका मुख्य मुख्य क्षेत्रगत उपलब्धीहरुको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

- गाउँपालिकाकाले हालसम्म १,९०० मिटर सडक कालोपत्रे, ६ वटै वडाहरुमा १५५ कि.मी नयाँ सडक निर्माण, ५० कि.मी सडक नियमित मर्मत सुधार, Culvert ९ वटा, Hume Pipe ९ वटा निर्माण कार्य सम्पन्न भई सबै वडा कार्यालय, गाउँपालिकाको प्रशासनिक केन्द्र र राष्ट्रिय राजमार्ग सम्मको यातायात आवगमनमा सहज भएको छ।
- गाउँपालिकाको प्रशासनिक सेवा प्रवाहलाई प्रभावकारी ढङ्गगबाट संचालन गर्नका लागि प्रशासकीय भवनको निर्माण र सबै वडाहरुमा वडा कार्यालयको भवन निर्माण भई आफ्नै भवनबाट सेवा प्रदान भईरहेको छ जसले गर्दा घर भाडा तिर्नुपर्ने रकमको समेत बचत भएको छ।
- स्थानीय पूर्वाधार विकास विभाग र गाउँपालिकाको साझेदारीमा ९ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भई ग्रामिण तथा टाढा छरिएको वस्तीलाई जोडी आवागमनमा सहज हुनुका साथै शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकता परिपूर्तिमा टेवा पुगेको छ।
- शिक्षा क्षेत्रको पूर्वाधार निर्माणको कार्यलाई थप व्यवस्थित गर्न सामुदायिक विद्यालयहरु मध्ये आवश्यकताको आधारमा २८ वटा विद्यालयहरुको भबन निर्माण र मर्मत संभार गर्ने कार्य गरिएको छ जसले कक्षा कोठाको उचित व्यवस्थापन भई पठन पाठनमा सहज भएको छ।
- स्वास्थ्य सेवा प्रवाहलाई व्यवस्थित रुपमा संचालन गर्न ५ वटा स्वास्थय संस्था भबन निर्माण तथा तला थप र १५ शैयाको अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ।
- माडिबासीहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउने उदेश्य अनुरुप यस अबधिमा १२० वटा पानी ट्यांकी, ८ वटा लिफ्टिङ्ग खानेपानी र ३,११७ घर धुरीमा धारा निर्माण भई विद्यालय, स्वास्थ्य संस्था र घरधुरीहरुमा स्वच्छ खानेपानी सुबिधाको पहुच पुगेको छ।
- ढुङ्गा, गीट्टी र बालुवा जस्ता नदिजन्य पदार्थलाई व्यवस्थित गरी करको दायरामा ल्याई गाउँपालिकाको आन्तरिक राजस्व वृद्धि गर्न वातावरणीय प्रभाव मुल्याङ्कन अध्ययन प्रतिवेदन स्वीकृत भई कर संकलन भएको छ।
- गाउँपालिकाका विभिन्न टोल तथा वस्तीहरुको मुख्य क्षेत्रहरुमा स्थानीय समुदायको आवश्यकता र भावनालाई मध्यनजर गरी सामाजिक सदभाव र धार्मिक सहिष्णुता कायम गर्न परम्परागत प्रथा, प्रचलन र संस्कृतीलाई जगेर्ना गर्न मठ,मन्दिर,चर्च र सामुदायिक भवनको समेत निर्माण गरिएको छ।
- गा.पा भित्रका पर्यटकीय क्षेत्रको पहिचान गरी आन्तरिक पर्यटन पर्वद्धन गर्न पुलवाङ्ग धुरीलाई माडी गौरवको आयोजनामा समावेश गरी भौतिक संरचना निर्माण भईरहेका छन र अन्य पर्यटकीय क्षेत्रको समेत पहिचान भईरहेको छ।
- सार्वजनिक जग्गा पहिचान, संरक्षण र उपयोग गर्ने तथा वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय तथा अन्य सरकारी संरचना निर्माणका लागि जग्गा प्रदान गर्ने दाताहरुको अभिलेख व्यवस्थित गरी दाताहरुलाई सम्मान गरिएको छ।
- सडक गुरुयोजना तयार गरी गा.पा भित्रका सडक तथा मोटरबाटोहरुलाई वर्गीकरण गरिएको छ।
- पश्चिम रोल्पाको केन्द्रबिन्दु माडी गाउँपालिकाको घर्तीगाउँमा रहेको स्वास्थ्य चौकी घर्तीगाउँमा पालिका आफैले स्रोत व्यहोर्ने गरि १ जना मेडिकल अधिकृत (MBBS Doctor)को ब्यबस्थापन गरिएको छ ।
- पालिकाका सबै वडाहरुमा ल्याब सेवा बिस्तार गरिनुका साथै ल्याब सम्बन्धी आबश्यक औजार, उपकरण तथा टेस्ट किट र रसायनहरुको ब्यबस्था गर्ने काम गरिएको छ ।
- तालाबाङ स्वास्थ्य चौकीमा प्रदेश सरकारको अनुदानमा बरथिंग सेन्टरका लागि आबश्यक सामाग्रीहरुको सेट प्राप्त गरिएको छ ।
- घर्तीगाउँ स्वास्थ्य चौकीमा राष्ट्रिय आविष्कार केन्द्रको समन्वय तथा साहकार्य, तथा प्राबिधिक सहयोग र ज्योति बिकास बैंकको आर्थिक सहयोगमा नवजात शिशुलाई कठ्यांग्रिन नदिन र न्यानो बनाइराख्न बेबि वार्मर प्राप्त गरि सो को प्रयोग भैरहेको छ ।
- विभिन्न तहको सरकारको आर्थिक ब्यबस्थापनमा तालाबाङ स्वास्थ्य चौकी र भाबाङ स्वास्थ्य चौकीको भबन निर्माण भैरहेको छ भने सामुदायिक स्वास्थ्य इकाई ब्याङखोलाको ४ कोठे भबन निर्माण भै सोहि भबनबाट सेवा प्रबाह सुरु गरिएको छ ।
- पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाका लागि समुदाय स्तरदेखि पालिकासममा पूर्ण खोप सम्बन्धी सम्पूर्ण क्रियाकलापहरु संचालन गरि सबै बच्चाहरुलाई खोप प्रदान गर्ने कार्य गरिएको छ, नियमित खोप सँगै सरसफाई प्रबर्द्धन कार्यक्रम संचालन गरिएको छ । साथै नियमित भ्याक्सिनको आपूर्ति र व्यवस्थापनलाई सहज र गुणस्तरीय बनाउन पालिका स्तरको भ्याक्सिन वितरण केन्द्र निरन्तर संचालनमा रहेको छ ।
- नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रोटोकल अनुसार स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड सम्बन्धी अर्धबार्षिक समिक्षा र स्वमूल्यांकन गरिनुका साथै सेवा तथा मापदण्डहरुको सुदृधिकरणको प्रयास भैरहेको छ ।

- ५ बर्ष मुनिका सबै बालबालिकाहरुलाई अर्धबार्षिक रुपमा भिटामिन ए र जुकाको औषधि खुवाइएको छ, बिद्यालय जाने बालबालिकाहरुलाई जुकाको औषधि र प्रत्येक  किशोरीहरुलाई बर्षमा २६ हप्ता आइरन फोलिक एसिड खुवाइएको छ । पोषण प्रबर्द्धनका लागि पालिकाको कार्यालयमा स्तनपान कक्ष र पोषण कर्नरको ब्यबस्था गरिएको छ । स्वस्थ बच्चा कुपोषित नहोउन र कुपोषित बच्चाले समयमै उपचार पाउन भनेर समुदायमा प्रत्येक महिना २३ महिना मुनिका बालाबालिकाहरुको वृद्धि अनुगमन भैरहेको छ भने हाल सम्म कडा शीघ्र कुपोषित ५ जना बच्चाको निशुल्क उपचार स्वास्थ्य चौकी घर्तीगाउँमा गरिएको छ ।
- सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत गर्भ जांच,सुरक्षित डेलिभरी र सुत्केरी जांच प्रभाबकारी बनाइएको छ ।
- अभिलेख, प्रतिबेदन, अनुगमन, मुल्यांकन र तथ्यांकको गुणस्तर सुधारका लागि बिभिन्न क्रियाकलापहरु संचालन गरिएको छ ।
- पाठेघर खसेको, पाठेघरको मुखको क्यान्सर, जांच, उपचार तथा मोतीबिन्दुको जांच र अपरेसन शिबिर संचालन गरिएको छ । कोभिड १९ बिरुद्धको खोप संचालन गरिएको छ साथै किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर बिरुद्धको खोप् प्रदान गरिएको छ ।
- माडी गाउपालिकाको मगर खाम र नेपाली दुवै भाषाको गेमी कक्षा १-८ को पाठ्यक्रम निर्माण भई कक्षा१-३ को पाठ्यपुस्तक छपाईको कार्य अन्तिम चरणमा रहेको छ।
- सबै सामुदायिक विद्यालयहरुको माद्यामिक तहसम्मका त्रैमासिकदेखि वार्षिकसम्मको परिक्षा निःशुल्क संचालन गरिएको छ।
- जडान नभएका सामुदायिक विद्यालयमा सबै विद्यालयहरूमा इन्टरनेट सेवा सञ्चालन हुने गरी जडान कार्य भैरहेको भने प्रविधि मैत्री कक्षा कोठाको व्यस्थापन केहि हदसम्म लागू गरिएको छ।
- सबै सामुदायिक विद्यालयहरूमा छात्रवृत्ति वितारणका लागि कक्षा १-५ का ८६५ जना छात्रा , दलित १८७ जना अपांग ३० जनाको लागि छात्रवृत्ति रकम निकासाको कार्य भएको।
- सबै सामुदायिक विद्यालयहरुमा बालविकास कक्षा देखि ५ कक्षासम्मका जम्मा २८५६ जना विद्यार्थीलाई दिवाखाजा व्यवस्थित गर्न प्रेरित गरिएको रचरण चरणमा रकम निमानुसार निकासा गरिएको।
- विद्यालय र विद्यार्थीलाई उत्प्रेरित गरि अध्ययनमा ध्यान तथा उत्सुकता प्रदान गर्न विभिन्न प्रतियोगिता सहित गणतन्त्र दिवसमा उत्सब कार्यक्रम गरि प्रोत्साहन स्वरूप पुरस्कार तथा सम्मान कार्यक्रम गरिएको।
- ४,४४० जना विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक स्वरुपको रकम निकासा भएको छ।
- सवै सामुदायीक विद्यालयहरुमा छात्राहरुलाई १०,९९२ प्याकेट स्यानेटरी प्याड वितरण गरिएको छ।
- विपन्न लक्षित छात्रवृत्तिका लागि १३० जनालाई प्रणालीमा प्रविष्ट गरि छात्रवृतिका लागि छनौट गरिएको।
- आयुर्वेद उपचारको एक अभिन्न अङ्गग भएकाले आयुर्वेदका सिद्धान्तमा आधारित भई रोग निदान र उपचार गर्न विगतका बर्षहरु देखि आर्थक रुपमा कमजोर र ग्रामिण समुदायका नागरिक हरुलाई निःशुल्क रुपमा आयुर्वेद औषधी वितरण, सेवा परामर्श, चिकित्सा तथा पंन्च कर्म जस्ता विशेष सेवाहरु दिदै आएको छ।
- विद्यालय आयुर्वेद शिक्षा कार्यक्रम अन्तर्गत श्री कृष्ण मा.वि घर्तिगाउँमा कक्षा ९ र १० मा अध्ययनरत १४८ जना विद्याथीहरुलाई आयुर्वेद चिकित्सा शिक्षा पद्धतिको बारेमा विज्ञान र स्वास्थ्यका बारेमा फरक दृष्टिकोणहरु जागृत गरी अनुकूल जीवनशैलीको विकास गर्न दिगो र सन्तुलित जीवनका लागि प्रेरित गरिएको छ।
- स्वस्थ्य व्यक्तिको स्वास्थ्य रक्षा गर्नु र रोगी व्यक्तिको रोग निवारण गर्नु भन्ने मूल मर्मलाई आधार मानी ओ.पि.डी सेवामा आएका १,६१५ जना बिरामीहरु सेवा प्रदान गरिएको छ।
- २३० जना जेष्ठ नागरिकलाई रसायन र शक्ति वर्धक च्यावन प्रास र स्नेहनका लागि महानारायण तेल वितरण, २८ जनालाई स्तनपाई आमाहरुलाई दुध वर्धक औषधी शतावरी चुर्ण र दशमुला रिष्ट वितरण, पूर्वकुर्म अन्तर्गत स्नेहन कर्मको लागि ३२८ जनालाई दशमुल तेल वितरण गरी आयुर्वेद चिकित्सा प्रणालीलाई थप प्रभावकारी बनाईएको छ।
- गाउँपालिका भित्र रहेका स्थानीय स्तरमा पाईने जडीबुटिको पहिचान र प्रयोग बारे जानकारी गराई आयुर्वेदिक चेतना दिई रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्न नदिन उत्तम उपाय हो भन्ने भावनाको विकास गरिएको छ ।
- कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धिलाई थप प्रभावकारी बनाउन गाउँपालिका भित्र १,९७१ कृषक परिवार निःशुल्क वीउ विजन तथा विषादी वितरण गरिएको छ।
- कृषि समुहलाई एकिकृत गरी कृषि पकेट क्षेत्र घोषणा गर्दै थप व्यवस्थित बनाउन गा.पा ५ र ६  नं वडामा रहेका ३ वटा कृषक समुहलाई ९,१०० सुन्तलाका विरुवा, सिचाई सुविधा विस्तारका लागि २ वटा पक्कि ट्यांकी, बगैचा व्यवस्थापनका लागि निला तुथो, कृषि चुन, कृषि उपकरणहरु अनुदानमा वितरण गरिएको छ।
- सुन्तला जात फलफूलको निर्यातको राम्रो सम्भावना बोकेको हुदाँ उत्पादन र गुणस्तरमा वृद्धि गर्न २५ जना अगुवा कृषकलाई ३ दिने सुन्तला बगैचा व्यवस्थापन तालिम संचालन गरिएको छ।

- कृषकहरुलाई आधिकारीक रुपमा पहिचान, दर्ता र वर्गीकरण गर्ने उदेश्यले किसान सूचीकरण कार्यक्रम मार्फत हाल सम्म गाउँपालिकाका जम्मा ४,६३७ घरधुरी मध्येबाट ३,०९६जना किसान सुचिकरण प्रणालीमा प्रविष्ठ भएका छन्।
- हाल गाउँपालिका भित्र कृषि फर्म १०४, कृषक समूह ५९ र कृषि सहकारी संस्था ४ वटा गठन भई त्यस माध्ये ५० प्रतिशत उक्त संस्था सक्रिय रही व्यावसायिक रुपमा संचालन गरी आर्थिक लाभ लिरहेको छन्।
- विभिन्न वालीको उत्पादन र गुणस्तरमा ठुलो क्षती पुर्याउने मुख्य कारण रोग तथा किरा भएकोले कृषि प्राविधिकहरुको परिचालनबाट नियमित किसानहरुसँग भेटघाट गरी प्राविधिक सिप र ज्ञान प्रदान, आधुनिक प्रविधिको प्रयोग र विभिन्न खाद्यान्न, तरकारी तथा फलफुल बालिमा लागेका रोग किराको व्यवस्थापन बारे ८५ कृषकहरुको घरदैलोमा नै पुगी उक्त रोगहरुको निदान तथा निराकरण कार्य गरिएको छ।
- वेमौसमी तरकारी खेती, मसलाबाली खेति र फलफुल (सुन्तला जात ,किवी ,स्याउ) व्यवस्थापन तालिम संचालन गरी कृषकलाई क्षमता अभिवद्धि तालिम दिई व्यावसायिक तथा आधुनिक कृषि प्रणाली अपनाउदै उत्पादनमा सुधार भएको छ।
- गाउँपालिका र हेफर प्रोजेक्ट सँगको साझेदारीमा ५२ वटा कृषक समुहलाई उद्यमशिलता तालिम दिई तरकारी उत्पादनको लागि १० प्रकारका वेमौसमी तरकारीका विउ विजन वितरण गरिएको छ।
- माडी गाउँपालिका र हेफर प्रोजेक्ट सँगको साझेदारीमा एक घर एक करेसा बारी निर्माणका लागि ५२ वटा कृषक समुहमा नर्सरी व्यवस्थापन तालिम संचालन गरी १,३०० कृषकको घर घरमा करेसा बारी निर्माण गरी एक घर एक करेसाबारीको नीतिलाई प्रभावकरी रुपमा लागु गरिएको छ।
- माडी गउँपालिका र हेफर प्रोजेक्ट सँगको साझेदारीमा माटो सिविर कार्यक्रम संचालन गरी ३०० कृषकहरुको माटो परिक्षण गरिएको छ र सो परिक्षणबाट किसानले उपयुक्त बालि छनौट, मलखादको मात्र र सुन्तालान्को जानकारी लिएका छन्।
- बाली शिविर कार्यक्रम मार्फत ३५ जना कृषकलाई रोग किरा नियन्त्रण तथा व्यवस्थापन बारे विज्ञद्वारा ज्ञान प्रदान गरिएको छ।
- चाइनिज लसुको विउ सहयोग गरी वडा नं १ र २ मा मात्र ४१ मेट्रिक टन यो वर्ष मात्र उत्पादन भएको छ। हालको मुल्यमा हिसाव गर्ने हो भने रु.४७ लाख रुपैयाँ आम्दानी गरेका छन।
- बजारीकरणका लागि फलफूल र तरकारी उत्पादन गर्ने समुहको लागि ९३५ क्यारेट वितरण गरिएको छ। यसै गरी ३ वटा एनालग तराजु र २३ वटा २०० के.जी तौल क्षमताको डिजिटल तराजु हस्तान्तरण गरिएको छ।
- जलवायु परिवर्तनबाट देखिने केहि समस्यालाई केन्द्र बिन्दुमा राखी नर्सरी राख्दा जलवायु अनुकुल हुनेगरी पोलिथिन व्यागको साटो १३,८०० पातका सोली प्रयोग गरिएको छ जसबाट हालको पोलिब्यागको बजार मुल्य रु.९ हजार बचत गरिएको छ।
- लामो समय सम्म आम्दानी दिने र पोषण सुरक्षामा योगदान पुर्याउने उदेश्यका साथ गाउँपालिका भित्र किविको १,६६६ विरुवा २५ घरधुरी र RCC पोल २३ ३ घरधुरी, सुन्तलाको १२,००० विरुवा, कागतीको ४,००० विरुवा, ९ समुहलाई, अदुवा ९३९ के.जी २६ परिवारलाई, आलु १,९२३ के.जी २५ परिवारलाई र २,५६१ के.जी चाइनिज लसुन १६५ घर धुरीलाई वीउ तथा विरुवा वितरण गरिएको छ।
- किसानलाई वैज्ञानिक र आधुनिक कृषि अभ्यासहरु सिकाउदै समय ,श्रम र स्रोतको बचत गर्न प्रविधि हस्तान्तरण अन्तर्गत २ वटा खाल्डो खन्ने मेसिन, १० वटा किसान कार्पको मिनि टेलर, सुन्तलाको लागि ९ समुहमा फलफुल औजारहरु (औजारमा भर्याङ, सिकेचर, फुट स्प्रेट्याङकी, आरी र ब्रस) वितरण गरिएको छ।
- पशु सेवा कार्यक्रम अन्तर्गत ३८,००० पशुपंक्षीको निःशुल्क उपचार, १,१६३ पशु चौपायहरुको निःशुल्क वन्ध्याकरण, ३०,००० भेडामा/बाखाहरुमा निःशुल्क पि.पि.आर.भ्याक्सिन, ३,००० गाई/भैसीहरुलाई कृषकको घरमा गएर खोरेत रोगको भ्याक्सिन लगाइएको, ६३ वटा कुकूरमा निःशुल्क रेविज रोग विरुद्ध भ्याक्सिन, १४ वटा गाई/भैसी र बाखालाई कृत्रिम गर्भधारण सेवा २,३६३ पशु चौपायहरुलाई कृषकको घरमै पुगेर सेवा दिइएको छ।
- गाउँपालिकाको ६ वटा वडाहरुमा ४,६३७ घरधुरीमा कुनै एक पशु चौपायको पालन गरिएको र सबै भन्दा वढी बाखापालन तर्फ बढी आकर्षित भएको पाईन्छ भने ३,००० कृषक परिवारहरुले वार्षिक प्रति कृषक परिवारले पशु पंक्षीवाट रु.६८,०००/- आम्दानी गर्ने गरेका छन।
- कृषि तथा पशुपालन क्षेत्रलाई एकिकृत तथा व्यवसायीक बनाउन हालसम्म सहकारीको संख्या ६ वटा, कृषि तथा पशुपंक्षी फर्म संख्या १०५ वटा, एग्रोभेटको संख्या ५ वटा र मासु पसल साना ठूला गरी जम्मा १४ वटा रहेका छन भने नियमित अनुगमन गर्ने कार्य पनि भैरहेको छ।

- कृषि तथा पशु विकासमा आधारित साना किसान युवा उद्यमशिलता साझेदारी कार्यक्रम संचालन गर्न रु.३ करोड ५७ लाख मध्ये रु.२ करोड ५० लाख गाउँपालिकाबाट विनियोजन भएको र हेफर प्रोजेक्टबाट रु.१ करोड ७ लाख लगानी भई कृषि तथा पशुपंक्षी जन्य क्षेत्रमा उल्लेखीय सुधार भएको छ।
- कृषि तथा पशु पंक्षीजन्य उत्पादनलाई बढवा दिन १४ वटा मूल समुह, ३८ उपहार समुह र ३ वटा युवा समुह गठन भई हाल सम्म समुहमा १,३०० महिला तथा युवाहरु प्रत्यक्ष लाभान्वित भएका छन।
- ४३ वटा उन्नत बोयर क्रस बोका र २३२ वटा बाख्राहरु ११६ विपन्न घर परिवारलाई वितरण गरी हालसम्म ६३ वटा पाँठी र ८१ वटा पाठाँ गरी जम्मा १४४ वटा पाठाँपाठीहरु उत्पादन भएका छन भने उत्पादन भएका २३ वटा पाँठीहरु मूल समुहको सदस्यले उपहार समुहको सदस्यलाई निःशुल्क उपहार प्रदान गरेका छन। साथै समुहले मासिक स्वस्फुर्त रुपमा जम्मा गरी हालसम्म रु.११ लाख ५० हजार भन्दा बढी रुपैया बचत गरेका छन।
- कृषि र पशु प्राविधिकहरुको परिचालनबाट नियमित किसानहरु सँग भेटघाट गरी प्राविधिक सीप र ज्ञान प्रदान गरी किसानका समस्याहरु समाधानको लागि टेवा पुगेको छ।
- बाह्य परजिविहरु, जुम्रा, उपियाँ र किर्नाको संक्रमण कम गर्न हालसम्म १८ वटा डिपिङ ट्याङ्कीहरु निर्माण भई ५,१८३ वटा बाख्रा तथा बोकाहरुलाई डिपीङ गरी संक्रमण नियन्त्रण गर्ने कार्य भैरहेको छ।
- ५२ समुहका १३०० जना महिला दिदी बहिनीहरु, ६ युवा समूहका ६० जना युवाहरु र १७६ जना अविभावकहरुले आधारशिला तालिम, स्वःसमिक्षा र पुर्व सहकारी शिक्षा तालिम प्राप्त गरी विकासमा सकारात्मक सोंचको विकास र हामी पनि केही गर्नुपर्छ भन्ने आत्मवोधको समेत विकास भएको छ।
- २११ वटा बाख्राका सुधारिएका खोरहरु निर्माण गर्दा परियोजनाबाट रु.२० हजार मात्र अनुदान उपलब्धता गराएकोमा किसानको थप लगानीमा रु.५० हजार बराबरको खोर निर्माण भएका छन।
- बाख्राको लागि खनिज ढिक्का बनाउने तालिम, पशु आहारको लागि साइलेज बनाउने तरिका र उन्नत घाँसका विरुवा वितरण भएको छ।
- परियोजनाले समुहहरुलाई परिचालन गरी सामुदायिक विकास अन्तर्गत सरसफाइ रिचार्ज पोखरी र गोरेटो बाटोहरु सुधार गरेका छन। यसबाट समुदायमा विकास प्रतिको उत्साह पैदा गरेको छ।
- कृषकहरुको लागनीलाई सुनिश्चित गर्न हिमालय लाईफ ईन्सुरेन्स कम्पनी लिमिटेडबाट २७९ वटा बाख्रा र बोकाको बिमा गरेको र ३ जना सदस्यले बाख्राको मुल्यको ९५ प्रतिशत मृत्यू दावी पशु बिमा भुक्तानी प्राप्त गरी प्रत्यक्ष राहतको महसुस गरेको पाइएको छ।
- गाउँपालिकाका ४,६३७ घरधुरी अन्तर्गत एक घर एक धारा ३,११८, चाङ २९९८, जुठ्यान ३३१४, धुवारहित चुला ३,२६०, फिल्टर २,२०१, फोहोर वर्गीकरण ३,०५७, अलगै गोठ ६,४१ र ट्वाइलेट ४,३७४ घरधुरीहरुमा सम्पन्न भएका छन र बन्न बाँकी संरचनाहरु पनि वास रणनीतिक योजनाको अवधि भित्र सम्पन्न हुनेछन्।
- संघ, प्रदेश र स्थानीय तहको आपसी समन्वय र सहकार्य मार्फत खानेपानी तथा सरसफाइ सेवाको विकासका लागि (NWASH MIS) सप्टवेयरमा आधारित योजना तयार गरी कार्यान्वय गर्न आवश्यक भएकाले मोबाइल एप्सबाट एन वासको सर्भरमा अपलोड भएका योजनाहरु खानेपानी योजना ५९, विद्यालय ३३, स्वास्थ्य संस्था ९ र सार्वजनिक शौचालय ४ वटा एनवास सर्भरमा अपलोड भएका छन भने थप अन्य योजनाहरुको पनि अद्यावधिक भइरहेको छ।
- विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी १२ वटा सामुदायिक विद्यालयमा बाल क्लव गठन भई वास सम्बन्धी विद्यालयमा विभिन्न कार्यक्रम भइरहेका छन। त्यसै गरी वडा स्तरीय खानेपानी, सरसफाई उपभोक्ता सञ्जाल समिती ६ वटै वडाहरुमा गठन भएका र संजाल मार्फत खानेपानी उपभोक्ता समितिहरुमा समन्वय, सहकार्य र अनुगमनलाई निरन्तरता दिइएको छ।
- सवै वडा टोल/वस्ती स्तरमा १०० वटा सरसफाई टोल समूह गठन भई पूर्ण सरसफाईका विषय सूचकहरुमा कार्यान्वयन भइरहेको छ। बजार क्षेत्रमा फोहोर व्यवस्थापनका लागि घर्तीगाउँ, तालावाङ र कोर्चावाङ गरी ४ वटा बजार सरसफाइ समिति गठन भएका छन्।पालिका सवै वडाहरुमा ४ पटक नमूनाको रुपमा खानेपानी योजना संकलन गरी गुणस्तर जात तथा परिक्षण गरिएको र दुषित पानीलाई शुद्धिकरण गरेर पानी पिउने विधि अपनाइएको छ।
- ६ नं. वडा कोर्चावाङ वडा नै पूर्ण सरसफाइ उन्मुख घोषणा भएको छ। त्यसै गरी १ र २ नं. वडा सवै वडाहरु पूर्ण सरसफाइ उन्मुख घोषणा भई दिगोपनाको निरन्तरता र वडा नै घोषणाका लागि नीति तथा कार्यक्रम तय गरिएको छ। ३ नं. वडा को दाङखुरी, झिंपुवाङ ४ नं. वडाको रिजावाङ र ५ नं. वडाको वाङ्मा, तल्नो सरुवा र माथिल्नो सरुवा टोलहरु पूर्ण सरसफाइ उन्मुख घोषणा भएका छन भने बाँकी अन्य ठाउँहरुमा घोषणाका लागि कार्यक्रम भइरहेको छ।
- नेपालको संविधानले आधारभूत स्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सुविधालाई नागरिकको मौलिकहकको रुपमा प्रत्याभूत गरेको र पालिकाको नीती तथा कार्यक्रममा वडा भित्र सबैको निम्ती स्वच्छ खानेपानी तथा सरसफाइको

उपलब्धताको साथै यसको दिगो व्यवस्थापन सुनिश्चितता गर्ने उद्देश्य रहेकाले पालिकाले (वास) योजना तर्जुमा गरी क्रियाकलाप कार्यान्वय गराउन वाञ्छनीय भएको हुनाले आवश्यक ऐन र कार्यविधी निर्माण भई कार्यान्वयन भईरहेका छन।

- गाउँपालिकाका ६ वटै वडाहरुमा उद्यम विकासका लागि सामाजिक परिचालन (श्रोत सम्भाव्यता अध्ययन, अभिमुखिकरण कार्यक्रम, सहभागीतात्मक ग्रामीण लेखाजोखा, समुह गठन, सर्वेक्षण फारम) कार्यक्रम गरी सम्भाव्यता लघु उद्यमीका ६२० जना सहभागीलाई व्यवसाय सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भई लघु उद्यमीको पहिचान भएको छ।
- गाउँपालिकाका ६ वटै वडामा छनोट भएको बस्ती तथा टोलमा सम्भाव्य लघु उद्यमी समुहहरुलाई उद्यमशिलता विकास (व्यवसाय सचेतना व्यवसाय शुरु र लैङगीक समानता तथा सामाजिक समाबेशीकरण) तालिममा ३५१ जना सहभागीलाई व्यवसाय सम्बन्धी जनचेतनामुलक तालिम सम्पन्न गरी सम्भावित लघु उद्यमी व्यवसाय संचालन गर्न तर्फ उत्प्रेरित भएका छन।
- गा.पा भित्रका ३, ४, ५ वडाहरु का ३५ जना बाखापालन लघु उद्यमी समुहलाई ७ दिने बाखापालन सम्बन्धी सीप विकास तालिम संचालन गरी भिटामिन, औषधी, बोयर बोका तथा च्यापकटर वितरण गरिएको र सोबाट प्रत्येक व्यक्तिले न्यूनतम १५ वटा देखि ३० वटा सम्म बाखा, खसी बोका उत्पादन गरी बार्षिक प्रतिव्यक्ति आम्दानी रु.४०,०००/- देखि २५०,०००/- सम्म आम्दानीको श्रोत वृद्धि गरी जिवीकोपार्जनमा सहयोग पुगेको छ ।
- गा.पा भित्रका १, २, ३, ५ वडाहरुमा छनोट भएको टोल तथा बस्तीका तरकारी उत्पादन लघु उद्यमी समुहका ८० जना उद्यमीलाई तरकारी उत्पादन सम्बन्धी सीप विकास तालिम संचालन गरी सामाग्रीहरु वितरण गरी प्रत्येक लघु उद्यमीले आलु न्यूनतम १२ क्विन्टल देखि ४० क्विन्टल सम्म विक्रि, टमाटर १ क्विन्टल देखि १२ क्विन्टल सम्म विक्रि, लसुन ३ क्विन्टल देखि १४ क्विन्टल सम्म विक्रि ,काउलि तथा बन्दा १ क्विन्टल देखि १३ क्विन्टल सम्म विक्रि, सिमी ५ के.जी देखि १ क्विन्टल सम्म विक्रि, काक्रा, भेन्डी, भान्टा भेडे खुर्सानी, अकबरे खुर्सानी जस्ता तरकारी उत्पादन गरी प्रती व्यक्ती वार्षिक आम्दानी न्यूनतम रु.५०,०००/- देखि ३,८०,०००/- सम्म आम्दानी भई गरिबी न्यूनीकरणमा सहयोग पुगेको छ।
- गा.पा भित्रका १, २, ४, ५ वडाहरुमा सुन्तला तथा कागती उत्पादन लघु उद्यमी समुहका ५८ जना सहभागीलाई सुन्तला तथा कागती उत्पादन सम्बन्धी सीप विकास तालिम संचालन गरी प्रविधि सामाग्रीहरु स्प्रीयटयाङकीय आल्मोनियम भप्याङ्ग, आरी, कैचि, टयाक्टर, कृषीजन्य औषधी, वितरण गरी उद्यमीले प्रति व्यक्तिले ५० देखि ३५० विरुवा लगाई वार्षिक उत्पादन १ क्विन्टल देखि २५ क्विन्टल सम्म विक्रि गरी वार्षिक रु.६,०००/-देखि ३,७५,०००/- सम्म आम्दानी गरी जिवीकोपार्जनमा सहयोग पुगेको छ।
- गाउँपालिकाका ३ र ४ वडाहरुमा छनोट भएको बस्ती तथा टोलमा वङगुरपालन समुहका १५ जना सहभागीलाई सीप विकास तालिम प्रदान दिई वङगुर पाठा २/२ वटा र भिटामीन औषधी वितरण गरी प्रत्येक समुहका सदस्यले २ देखि ४ वटासम्म वङगुर पालन गरी पाठा/पाठी उत्पादन १६ वटा देखि ३२वटा सम्म पाठा/पाठीहरु उत्पादनबाट वार्षिक आम्दानी रु.२८,०००/-देखि रु.८०,०००/-सम्म आम्दानी वृद्धि गरी आय आर्जन भएको छ।
- ६ नं. वडाको सारीगामा गठन भएको ढाँका बुनाई समुहका १२ जना लघु उद्यमीलाई ढाँका बुनाई सीप तालिम दिई सामाग्रीहरु तान सेट, धागो वितरण गरी उद्यमीहरु व्यवसायतर्फ उन्मुख भई उक्त समुहका सहभागीहरुले सल, साडी, गादा उत्पादन गरी १८० थान उत्पादन गरी व्यवसायतर्फ उन्मुख भएका छन।
- ३ न. वडामा गठन भएका च्याउ उत्पादन समूहका सहभागीहरुलाई ७ दिने सीप विकास तालिम संचालन र सामाग्रीहरु वितरण गरी समूहहरुले व्यवसायलाई निरन्तरता दिई व्यवसाय गर्दै आएको र उक्त व्यवसायबाट वार्षिक उत्पादन २९० के.जीसम्म उत्पादन गरी वार्षिक प्रति व्यक्ति रु.६०,०००/- देखि ७०,०००/- सम्म आम्दानी भई जिविकोपार्जनमा टेवा पुगेको छ।
- वडा नं २ र ५ मा किबी उत्पादनका १० जना लघु उद्यमीहरुलाई किबी उत्पादन सम्बन्धी सीप विकास तालिम संचालन गरी उक्त समुहका सहभागीहरुलाई किबीका बिरुवा, स्प्रीयटयाङकी, ग्यावीन तार फलामको पोल, प्लाष्टिक ड्रम, औषधी वितरण कृषि उत्पादनमा सहयोग पुगेको छ।
- हालसम्म यस गाउँपालिकाको ६ वटै वडाहरुबाट छनोट भएका २१८ जना लघु उद्यमी लाभान्वित भई उद्यमशिलताको माध्यमबाट लघु तथा घरेलु उद्यम व्यवसाय गर्दै आईरहेका छन्।
- लघु उद्यमी समुहका सहभागीलाइ मेड् मोडेल अनुसार कार्यक्रममा समावेश गरी परम्परागत व्यवसायलाई आधुनिकीकरण गरी व्यवसाय संचालन गर्दै आएका छन्।
- लघु उद्यमको माध्यमबाट छनोट भएको टोल तथा बस्तीहरुमा एक घर एक लघु उद्यमको अवधारणा केही हदसम्म कार्यान्वयन भई व्यवसाय सुरुको थलानी गरिएको छ।

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता प्रणाली पूर्णरुपमा अनलाईन प्रणाली आवद्ध भएको छ। उक्त प्रणालीलाई थप सुदृढ गर्न लागि विभागको योजना अनुरुप प्रत्येक वडा-वडामा बायोमेट्रिक्स प्रणाली संचालन गर्नको लागि बायोमेट्रिक्स डिभाईसहरु खरिद गरिएको छ। साथै व्यक्तिगत घटना दर्ता प्रणालीमा देखापरेका नागरिकका समस्याहरु विभागसँग समन्वय गरेर समस्या समाधान यस सेवा इकाईबाट भईरहेको छ।
- आ.व.२०८१/०८२ मा मिति २०८१/०४/०१ देखि २०८२ जेठ मसान्तसम्म यस पालिका मातहतका वडा कार्यालयबाट दर्ता भएका व्यक्तिगत घटना दर्ता मध्ये जन्म दर्ता ६४३ जना, मृत्यु दर्ता १९९ जना, सम्बन्ध बिच्छेद ४४ जोडी, विवाह दर्ता २४८ जोडी र बसाईसराई ६१ घरधुरी दर्ता भएका छन।
- सामिजक सुरक्षा भत्ता वितरण अन्तर्गत आ.ब. २०८१/०८२ को तेस्रो किस्ता सम्म अन्य जेष्ठ नागरिक १,१८९ , जेष्ठ नागरिक दलित १५४, एकल महिला ५८६, अपाङ्गता १२२ र बालबालिका षोषण भत्ता २,००७ जना गरी जम्मा ४,०५८ जनाले ७,०९,६२,२२८/-(अक्षेरुपी सात करोड नौ लाख बैसठ्ठी हजार दुई सय अठ्ठाईस) रुपैयाँ बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका छन भने रु. २,०७,९६,७७२/-(अक्षेरुपी दुई करोड सात लाख छयानब्बे हजार सात सय बहत्तर) रुपैयाँ बाँकी रहेकोमा चौथो किस्ता रकम वितरणका लागि केहि रकम अपुग हुने भएकाले विभागमा अपुग रकम माग गरिएको छ।
- समाजिक विभेदको न्यूनीकरण, छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरु न्यूनिकरण गर्न अभिमुखिकरण तथा सचेतनामूलक कार्यक्रम संचालन गरी केही हदसम्म  छुवाछुत न्यनीकरण भई लैङगिक समतामूलक समाज निर्माणमा टेवा पुगेको छ।
- दलित, पिछडा वर्ग, आदिवासी जनजाती समुदायमा अत्यधिक प्रचलनमा रहेको, लैङ्गिक हिंसा ,घरेलु हिंसा, बालश्रम, बालविवाह, बहु विवाह, सम्वन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिएकोले समाजको विकासलाई बाधा पुर्याउने यी तत्वहरुमा केही हदसम्म न्यनीकरण भई समाजको विकासमा सहयोग पुगेको छ।
- लागु औषध दुर्व्यसनी, बालविवाह न्यूनीकरण तथा यौन हिंसाजस्ता समाजलाई खलल पुर्याउने हानिकारक तत्वहरुलाई न्यूनीकरण गर्न ८ वटा सामुदायिक विद्यालयहरुमा १,००० जना विद्यार्थीहरु र शिक्षकहरुको सहभागीतामा अभिमुखिकरण कार्यक्रम संचालन गरी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई आफूलाई कूलतबाट बच्न र समुदायलाई समेत बचाई सभ्य र सुसंस्कृत समाज निर्माण गर्न टेवा पुगेको छ।
- अनुभव ज्ञानको स्रोत मध्येको उत्कृष्ट स्रोत हो। अनुभवले खारिदैं र जीवनका विभिन्न कठिनाई, आरोह, अवरोह, पार गर्दै वृद्धावस्थामा पुगेको हाम्रा अग्रज व्यक्तित्वहरुले आयआर्जन गरेका ज्ञान, सिप तथा जीवन र जगतका हरेक अप्ठेयारा पार लगाउन सक्ने क्षमतालाई उच्च मूल्याङ्क गरी  अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम संचालन गरी लोपहुदै गएका धर्म, प्रथा, परम्परा, भाषा, सीप, साहित्य, कला र संस्कृतिको संरक्षण र संवर्द्धन गर्न सहयोग पुगेको छ।
- समाजलाई पुर्याएको योगदानलाई उच्च मूल्याङ्क गरी जीवनको उत्तार्द्ध अवस्थामा पुगेका ६ वटै वडाहरुका ४८ जना ज्येष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम संचालन गरी समाजमा मर्यादित र सम्मानका साथ जीवनयापन गर्न हौसला पुग्नुको साथै स्थानीय सरकारको अनुभूती दिलाएको छ।
- अन्तर्राष्ट्रिय महिला दिवस,लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको माध्यमबाट महिलाहरुको आर्थिक, सामाजिक र राजनितिक शसक्तिकरणमा सहयोग पुगेको छ।
- गाउँपालिका भित्र पूर्ण अशक्त, अति असक्त, मध्यम र साधारण गरी १८७ जना अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्नुको साथै सामाजिक सुरक्षा भत्ता प्रणालीमा समेत आवद्ध गरिएको छ।
- पालिका भित्रमा ६ वटा वडा स्तरीय महिला संजाल, १० वटा महिला विकास समिति र पालिकमा पालिका स्तरीय महिला विकास समिति गठन भई समाजमा रहेका अन्धविश्वास, कुरीती, कुप्रथा, बालविवाह , बहुविवाह जस्ता सामाजिक समस्या, विकृती विसंगतीको पहिचान गरी केही मात्रामा सुधार उन्मुख रहेको छ।
- अपाङ्गता भएका व्यक्तिहरु माथि हुने दुर्व्यवहार सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरिएको छ जसले अपाङ्गता भएका व्यक्तिहरुको हौसला बढ्नुका साथै घर परिवार तथा सामाजलाई अपाङ्गता हुनु व्यक्तिको दोष नभई जैविक, शारिरीक, जन्मजात र दुर्घटना आदि कारणले हुने अवस्था हो जस्ले गर्दा अपाङ्गता भएका व्यक्तिहरुलाई गरिने व्यवहारमा परिवर्तन भएको छ ।
- अपाङ्गता भएका विद्यार्थीहरुलाई केही मात्रामा पठनपाठनमा सहज होस भनेर अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा श्री कृष्ण मा.वि.मा अध्ययनरत १२ जना विद्यार्थीहरुलाई स्टेशनरी र विद्यालय पोशाकको स्वीटर र टोपी वितरण गरी पठनपाठनमा थप हौसला प्रदान गरिएको छ।

- विद्युतीय शासन प्रणालीलाई आत्मसाथ गर्न Mobile App with E-Sifaris प्रणाली विकास गरी कर्मचारी र जनप्रतिनिधिहरुको विवरण, इ- सिफारिसको प्रयोग गरी घरबाटै सिफारिस लिन सकिने र सेवा सम्बन्धी अन्य जानकारीलाई प्रष्ट र पारदर्शी बनाउदै लगिएको छ।
- गाउँपालिकाबाट प्रवाह हुने सूचना तथा जानकारी Bulk SMS को माध्यमबाट जनप्रतिनिधि र शाखा प्रमुखहरुलाई SMS को माध्यमबाट सूचना संप्रेषण गरी थप सेवा प्रवाहलाई प्रभावकारी बनाईएको छ।
- गाउँपालिकाका हरेक सूचना तथा वडा कार्यालयहरुको विवरण, कार्यक्रमहरु मासिक/ चौमासिक/ वार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन, अनुगमन प्रतिवेदन, आयव्यय विवरण सार्वजनिक सुनुवाई, ऐन कानुन निर्देशिका, कर शुल्कहरु र कार्यालय सम्पर्क विवरण वेबसाइट/ एप्स मार्फत नियमित Up to Date भईरहेको छ।
- आथिक बर्ष २०८१/८२ मा माडी गाउँपालिकाको पहिलो प्रयास घर नक्सा पास तथा अभिलेखिकरण प्रक्रिया भएकाले गाउपालिका भित्र बन्ने सम्पुर्ण संरचनालाई नक्सा पास प्रक्रिया प्रणालीमा आवद्ध गर्न पूर्व निमित्त भवनको कार्यविधि, २०८१ तयार भई अभिलेखिकरण भईरहेको छ।
- हाल सम्म गाउँपालिकाभित्र जम्मा १० जग्गा धनीले घर नक्सा अभिलेखिकरणको लागि आवेदन पेश भएकोमा सो कार्य गरी निजलाई घर नक्सा अभिलेखिकरणको प्रमाण प्रत्र वितरण गरिएको छ।
- सामुदायिक विद्यालयहरुको भवन निर्माण कार्यलाई अगाडी बढाउन विद्यालयहरुको जग्गा सम्बधी केही व्यवधान भएकाले सो भवन निर्माण गर्न निर्माण स्थलहरुमा जग्गाको फिल्ड रेखाङ्कन गरी भवन निमाण भइरहेको छ।
- आ व २०७५/०७६ देखि हाल सम्म रोजगारी सृजनाको लागि नेपाल सरकार आ डी ए र गाउँपालिका स्रोतबाट जम्मा रु ३,४०,६०,७१२ (अक्षेरुपी तिन करोड चालिस लाख साट्ठी हजार सात सय बाह्र रुपैयाँ) प्राप्त भएकोमा रु ३,२९,९८,००५( तीन करोड उन्तीस लाख अन्ठानब्बे हजार पाँच) रुपयाँ खर्च भएको छ जस अनुसार कुल बजेटको ९७ प्रतिशत खर्च भएको देखिन्छ।
- रोजगारी सृजनाको लागि प्राप्त भएको बजेटबाट कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम प्रत्येक वर्ष आयोजना बैंकमा समावेश भएका सामुदायिक आयोजनाहरुको कार्यान्वयन भएको थियो। खास गरी विभिन्न प्रकृतिका आयोजनाहरु कार्यान्वयन भए पनि बढी जसो दुरदराजमा रहेको कुनै निकायको नजरमा नपरेको तथा जीर्ण अवस्थामा रहेको तर दैनिक जीवनमा उपयोग हुने गोरेटोबाटो जम्मा हाल सम्म ५१ वटा सम्पन्न भएको छ ।यसैगरी अन्य आयोजनाहरु मोटरबाटो १९वटा, ५१.३२ मिटर, स्कुलको फिल्ड तथा घेरबार २३ वटा मोटरबाटोको ग्याबीनजाली ३ वटा पक्की ढलान सडक १ वटा, खानेपानी २ वटा, सिंचाई १, रिचार्जपोखरी १, पक्की सिढी १ वटा गरी जम्मा ५० वटा निर्माण तथा मर्मत भएको छ। कुल १०० वटा सामुदायिक तथा पूर्वाधार आयोजनाहरु मध्ये गोरेटो बाटो तथा घोडेटोबाटो पदमार्ग निर्माण तथा मर्मत जम्मा ६५,८१७ मिटर भएको छ ।निर्माण तथा मर्मत भएका यी सामुदायिक पूर्वाधार आयोजनाहरुबाट सम्बन्धित समुदायलाई निक्कै लाभ पुगेको छ भने स्थानीय तहको पनि बजेट खर्चमा सयोग भएको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम सुचीकृत बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगार प्रत्याभूत गराउने उद्देश्य रहेको विदितै छ। हाल सम्म ४,७४७ यस रोजगार सेवाकेन्द्रमा सुचीकृत भएकोमा,कुल ७१३ जनाले मात्र रोजगारीमा प्राप्त गरेका छन्जसले गर्दा १५ प्रतिशतले रोजगारी प्राप्त गरेको देखिन्छ। आ.व. २०७७/७८ देखि मात्र न्युनतम १०० दिन रोजगारी दिने प्रक्रिया सुरु भएको हो। त्यसैले सो आर्थिक वर्ष देखि बेरोजगार सुची निर्धारण तथा प्राथामिकिकरण मार्गदर्शन, २०७६ बमोजिम प्राथामिकिकरणको आधारमा ५१८ जनाले कुल ५१,२८७ दिन रोजगारी प्राप्त गरी औषत ५१८ जनाले ९९ दिन रोजगारी पाएका छन्।
- विपन्न, दलित, महिला, आदीवासी जनजाती र पिछडिएको वर्ग जसको साझ विहान छाक टार्न तथा दैनिक गुजार गर्नै मुस्किल परेको अवस्था थियो ती बेरोजगार व्यक्तिहरुलाई प्राथामिकिरणको आधारमा समुदाय स्तरको आयोजनाहरु मार्फत रोजगारी सृजनामा खटाइएको थियो। प्राथामिकिकरणको आधारमा न्युनतम रोजगार प्राप्त गरेका लक्षित वर्गहरुको १०० दिने रोजगारी सृजना मार्फत सामाजिक संरक्षणमा टेवा पुर्याउदै आएको छ।
- आर्थिक वर्ष २०८०/०८१ देखि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० जारी गरी सो बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि स्थापना भएको देशभरीका ७५३ वटै स्थानीय तहमा रहेको रोजगार सेवाकेन्द्रलाई थप जिम्मेवारी प्रदान गर्यो। सो अनुसार यस रोजगार सेवाकेन्द्रबाट हालसम्म प्रदान गरिएका सेवाहरुमा पुनः श्रम स्वीकृति १०५ जनाले, वैदेशिक रोजगार आर्थिक सहायता सम्बन्धी सेवा अन्तर्गत ९ जनाले शतप्रतिशत मृत्यु क्षतिपूर्ति वापत रु ७,२०,०००० (सात लाख बीस हजार रुपैयाँ) र ३ जनाले आंशिक मृत्यु क्षतिपूर्ति वापत रु ७५,०००(पचहत्तर हजार रुपैया) प्राप्त गरेका छन्। यसै गरी छात्रवृत्ति सहायता सेवा अन्तर्गत १३ जनाले विद्यार्थीहरुले रु ३,२०,०००/-( तीन लाख बीस हजार रुपैयाँ) प्राप्त गरेका छन् भने

विदेशबाट शव झिकाउने सेवा ३ जनाले प्राप्त गरेका छन्। मनोपरामर्श सेवा यो चालु आर्थिक वर्षमा मात्र सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको सहकार्यमा सुरु भएको हो। जम्मा १४ जनाले मनोपरामर्श सेवा प्राप्त गरेकोमा १० महिला ४ पुरुष रहेका छन्।

**गाउँसभा सदस्य ज्यूहरु,**

**आगामी आर्थिक बर्ष २०८२/०८३ को लागि अख्तियार गरिने नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।**
नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ दिगो विकास लक्ष्यहरु, नेपाल सरकारको चालु योजनाको समिक्षा एवं सोह्रौं योजनाको मार्गदर्शन, संघ तथा प्रदेश सरकारको मार्गदर्शन तथा प्राथामिकता, गाउँपालिकाको दोस्रो आवधिक विकास योजना र आफ्नै विशिष्ट सम्भाव्यता एवं आवश्यकतालाई समेत आधार मानी गाउँवासी आमाबुबा दिदीबहिनी दाजुभाईबाट व्यक्त भएका जनचाहनाहरु तथा विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित सरोकारवाला तथा विज्ञहरुबाट प्राप्त सुझावहरु समेतलाई समेटदै आ.व.२०८२/०८३ का लागि निम्न क्षेत्रगत नीतिहरु अवलम्बन गरिनेछ।

**गाउँसभा सदस्य ज्यूहरु,**

**भौतिक पूर्वाधार तर्फः**

१. गाउँपालिकाका गौरवका योजनाहरु र निर्माणाधीन ऋमागत योजनाहरुको कार्यान्वयनलाई प्राथमिकता दिईने छ।
२. गाउँपालिकाका पूर्वाधार विकासका कार्यहरु आवधिक तथा क्षेत्रगत योजना तथा प्राथामिकताको आधारमा छनोट, निर्माण तथा संचालन गरिनेछ।
३. योजनाहरुको सम्भाव्यता अध्ययन, विस्तृत डिजाईन र लागत अनुमान गरेर मात्र वातावरण मैत्री पूर्वाधारको निर्माण गरिनेछ। स्थानीयतहको श्रम एवम् सिपलाई केन्द्रविन्दुमा राखिनेछ।
४. सडक रहेका क्षेत्रमा हुन सक्ने थप वस्ती विस्तारलाई निरुत्साहित गरिनेछ र मादण्डहरुलाई पूर्ण रुपले कार्यन्वयन गर्दै लगिने छ।
५. गा.पा भित्र संचालनमा रहेका मोटरबाटो र भौतिक संरचनाहरुको मर्मत संभारका लागि मर्मत संभार कोषको निर्माण गरी परिचालन गर्ने नीतिलाई निरन्तरता दिईने छ।
६. गाउँपालिका भित्र संचालन भएका सडक तथा मोटरबाटोहरुमा नाला कटान गरी नाला तथा ढल व्यस्थापन र साना तथा खहरे खोलाहरुमा ह्युम पाईप व्यवस्थापन गरी यातायात आवगमनलाई थप व्यवस्थित गरिने छ।
७. कृषकहरुको बीउ बिजनलाई भण्डार गर्न रष्ट्रिक स्टोर निर्माण गरिने छ।
८. सार्वजनिक जग्गा पहिचान, संरक्षण र उपयोग गर्ने तथा वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय तथा अन्य सरकारी संरचना निर्माणका लागि जग्गा प्रदान गर्ने दाताहरुको अभिलेख व्यवस्थित गरी दाताहरुलाई सम्मान गर्ने व्यवस्था मिलाईने छ।
९. माडी गाउँपालिकाको कतिपय वस्तिहरुमा सञ्चार सुविधामा कठीनाई भएको हुँदा टेलिफोन टावरको व्यवस्थाका लागि सम्बन्धित निकायसंग समन्वयको लागि पहल गरिने छ।
१०. आगामी आ.वमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा यस गाउँपालिकाको मूख्य सडकको रुपमा रहेको घर्तीगाउँ जगरबोट त्रिवेणी मोटरबाटो कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिईने छ।
११. सडक पूर्वाधारको विकास तथा विस्तार र सञ्जालीकरण गरी अर्थतन्त्रमा उत्पादन क्षेत्रको लागत घटाउने र उत्पादित वस्तुको बजारीकरण गर्न कृषि सडक, पहुँच मार्ग, अन्तर स्थानीय तह सीमाक्षेत्र सडक लगायतका स्थानीय तहस्तरीय सडक सञ्जालको विकास र विस्तार गरिने छ।
१२. माडी गाउँपालिकाका विभिन्न आयोजनाहरुको सम्भाव्यता अध्ययन विस्तृत परियोजना प्रतिवेदन तयार गरी संघ र प्रदेशमा पठाउन योजना बैंक निर्माण गर्ने कार्यलाई निरन्तरता दिईने छ।
१३. सडक सुरक्षालाई मध्यनजर गर्दै सडक पूर्वाधारको निर्माण, मर्मत सम्भार एवं स्तरोन्नती गर्ने र विकट वस्तीका समुदायहरु लाभांन्वित हुनेगरी मूख्य पैदलमार्गमा झोलुङ्गे पुलहरुको निर्माण तथा मर्मत गरिने छ।
१४. पालिकाभित्रको समग्र जलस्रोतको अध्ययनका साथै सिंचाई योजना, भूमिगत सिंचाई योजना, लिफ्ट सिंचाई योजना, झोलुङ्गे पुल, जलाशय निर्माण तथा पोखरी संरक्षण र निर्माण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न DPR गरिने छ।
१५. दिनानुदिन बजारीकरण भईरहेको घर्तिगाउँ बजारलाई व्यवस्थित बनाउन घर नक्सा पास कार्यविधि र सडक गुरु योजना बमोजिम पालिकाका मूख्य बजार क्षेत्रलाई व्यवस्थित बनाईने छ।
१६. हालको परिप्रेक्ष्यमा नयाँ सडक खन्ने कार्य धेरै जसो सम्पन्न भई सकेको अवस्थामा नयाँ भन्दा सडक स्तर उन्नती तर्फ जोड दिईने छ।
१७. पालिका स्तरीय खेलमैदान निर्माणका लागि आवश्क जग्गाको पहिचान, डि.पि.आर गरी निर्माणको आधार तयार गरिने कार्यलाई निरन्तरता दिईने छ।

१८. आवास विहिनहरुको घर बनाई आवासयुक्त पालिका बनाइनुका साथै आगामी आ.व मा सुरक्षित नागरिक आवास कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गरिने छ।

१९. शहिद मार्गदेखि पालिकाको प्रशासकीय भवन सम्मको मोटरबाटो कालोपत्र गरिने छ।

**गाउँसभा सदस्य ज्यूहरु**

**कृषि विकास तर्फः**

१. कृषि पेशालाई वैज्ञानिक, सम्मानित, मर्यादित, टिकाउ र व्यावसायिक बनाउने रणनीति लिइनेछ। सो को लागि उत्पादनमा आधारित अनुदान,प्रोत्साहन तथा लागत साझेदारी कार्यक्रम सञ्चालन गर्ने कार्यनीति अवलम्बन गरिनेछ।

२. २०७९ सालदेखि गाउँपालिका र हेफर प्रोजेक्ट लागत साझेदारीमा संचालन भएको माडी कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाले पारेको सकरात्मक र कृषि तथा पशुपालनको क्षेत्रमा भएको आशा लाग्दो परिवर्तनका कारण यस परियोजनालाई थप गरिने छ र यस योजनाको नाम माडी प्रोजेक्ट बनाई लागु गरिनेछ।

३. एक गाउँपालिका एक नर्सरी स्थापना गरिने छ।

४. कृषि पकेट क्षेत्र विस्तारको लागि एक वडा एक उत्पादन क्लष्टर खेतीलाई प्राथमिकतामा राखिने छ। उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीको पकेट क्षेत्र पहिचान गरिनेछ। यस वर्ष लसुन र आलु खेती कार्यक्रम सञ्चालन गरिनेछ।

५. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिइ कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउँदै व्यावसायीकरण गरिनेछ। यसका लागि आधुनिक कृषि औजारहरुमा अनुदानको व्यवस्था गरिनेछ।

६. सबै कृषकहरुलाई कृषक समूह तथा कृषि सहकारीहरुमा आवद्ध हुन प्रेरित गरिनेछ। अनुदानको लागि मात्र समूह दर्ता गर्ने परिपाटीलाई निरुत्साहित गरिनेछ।

७. कृषि प्रसारको सञ्चालन, व्यवस्थापन र नियन्त्रण मार्फत कृषकस्तरमा उच्चस्तरिय प्रविधिको हस्ताण्तरण, कृषकको क्षमता अभिवृद्धि तथा कृषकलाई अनुसन्धान कार्यसँग जोड्न विभिन्न कृषकस्तरिय तालिम, गोष्ठि, शिविर सञ्चालन तथा उन्नत प्रविधि प्रदर्शन गरिनेछ।

८. दैनिक उपभोग्य कृषिजन्य वस्तुहरुमा गाउँपालिकालाई आत्मनिर्भर बनाई आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न गाउँपालिका भित्रका सबै सम्भाव्य क्षेत्रहरुको पहिँचान गरि मसलाबाली प्रवर्द्धन कार्यक्रम, व्यवसायिक तरकारी खेति प्रवर्द्धन कार्यक्रम,व्यवसायिक फलफुल खेती प्रवर्दन कार्यक्रम सञ्चालन गर्दै लगिनेछ।

९. उत्पादनमा बिश्वास तथा स्थानीय तहलाई तरकारीमा आत्मनिर्भर गराउन वेरोजगार युवा लक्षित लागत साझेदारीमा प्रत्येक वडामा एक नमुना कृषि फार्म संचालन गर्न अनुदानको व्यवस्था गरिनेछ।

१०. गुणस्तरिय बीउ विजन तथा तरकारी उत्पादन र उपभोगमा गाउँपालिकालाई आत्मनिर्भर बनाउदै लगिनेछ। व्यवसायिक कृषकहरुलाई हाईब्रिड बीउ तथा अन्य कृषकहरुलाई उन्नत बीउ अनुदानमा उपलब्ध गराउने नीति अवलम्वन गरिने छ।

११. कृषक समूहमा आधारित कार्यक्रम सञ्चालन गरिने छ। उत्पादनमा आधारित विभिन्न कृषक समुहहरुको गठन तथा परिचालन मार्फत सामुहिक उत्पादनमा जोड दिदै बजारको पहुँच सुनिश्चित गर्न पहल गरिने छ।

१२. प्रत्येक घरधुरीले आफ्नो जग्गाभित्र अनिवार्य रुपमा कम्तिमा २०-२५ वटा फलफूलका बिरुवा रोप्नुपर्नेछ।

१३. एक वडा एक कृषि प्राविधिक (ओ.भी.ओ.टी.) कार्यक्रमलाई प्रभावकारी बनाइनेछ। साथै बाली बिमालाई प्राथमिकता दिइनेछ।

१४. कृषि अनुदानलाई व्यवस्थित र प्रभावकारी बनाउन तथ्याङकमा आधारीत किसान परिचय-पत्र दिइनेछ। पशु बिमा तथा बजारीकरण कार्यक्रमलाई कार्यान्वयन गरिनेछ।

१५. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउँदै व्यावसायीकरण गरिनेछ। यसका लागि आधुनिक कृषि औजारहरुमा अनुदानको व्यवस्था गरिनेछ ।

१६. गाउँपालिकाको मुख्य आयस्रोत कृषि, फलफूल, जडीवुटी, कच्चा पदार्थ संकलन तथा निकासी जस्तामा आत्मनिर्भर भएकोले उत्पादनमुलक पकेट क्षेत्रहरुको आधुनिकीकरण, व्यवसायीकरण विकास तथा प्रवर्द्धनको नीतिलाई निरन्तरता दिई राजस्वको दायरा बढाइनेछ।

१७. कृषि प्रणालीको प्रवर्द्धन, यान्त्रीकीकरण, व्यवसायीकरण तथा बजारीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गरिने छ।खाद्य सम्प्रभुताको मान्यता अनुरुप जलवायु र माटो अनुकुलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरिनुका साथै आर्थिक तथा सामाजिक रुपले पछि परेका वर्गहरुको वास्तविकता पहिचान गरी विभिन्न क्षेत्रमा अनुदानको व्यवस्था गरिनेछ।

१८. गाउँपालिकाका कृषकहरुको कृषि र पशु पालनलाई व्यवसायिक बनाउन तथा कृषि खेती र पशुपालनका क्रममा हुनसक्ने संभावित जोखिमलाई दृष्टिगत गरी ६०-४० को अनुपातमा कृषकहरुको बाली र पशु बीमा गरिनेछ।

१९. परम्परागत कृषि ज्ञान, सीप र प्रविधिको संरक्षण र प्रवर्द्धन गर्दै रैथाने बाली तथा स्थानीय पशुपंक्षीहरुको उत्पादनमा विशेष जोड दिईने छ। विउ वितरण कार्यक्रम, वेमौसमी तरकारी खेती कार्यक्रम, मसलाबाली कार्यक्रम र कृषिमा यन्त्रिकरण गरी कृषक र विपन्न परिवारलको जीवनस्तरमा सुधार गरिने कार्यक्रम संचालन गरिने छ। साथै आगामी आ.वमा कृषि स्मार्ट भिलेज प्रोफाईल तयार गरी लागू गरिने छ।

२०. उत्पादनका आधारमा गाउँपालिकाबाट प्रदान गरिने अनुदान प्रणालीको ढाँचालाई आधुनिक, वैज्ञानिक  बनाई गाउँपालिका भित्रका कृषकलाई नि-शुल्क रुपमा विउ विजन तथा विषादी वितरण गरिनेछ।

२१. एक वडा एक कृषि पाठशाला संचालन र एक घर एक करेसावारीको नीति लिईने छ।

२२. एक गाउँ एक कृषि उत्पादनको अवधारणा ल्याइने छ। कृषि समुह र पशुपालन समुहरुलाई एकिकृत गरी कृषि तथा पशुपालन पकेट क्षेत्र घोषणा गर्दै थप व्यवस्थित गरीने छ।

२३. एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरिने छ। साथै भूगोल अनुसार कृषि खेतीमा विविधिकरण गर्नका लागि माटो सुहाउदो खेतीलाइ बढावा दिइने छ। यसका लागि विज्ञद्वारा माटो परीक्षण गरी खेतीका लागि सिफारिस गरिनेछ।

**गाउँसभा सदस्य ज्यूहरु**

**पशु सेवातर्फः**

१. कृषि तथा पशुपंक्षी जडीवुटी र दिगो पूर्वाधारः समृद्ध माडीको आधार भन्ने नारालाई सार्थक बनाउनका लागि कृषि पशुपालनको क्षेत्रमा उद्यमशीलतामा केन्द्रित वजेट विनियोजन गरिने छ।

२. कृषि र पशु स्वास्थ्य तथा पशु विकास क्षेत्रमा विशेष महत्त्वका साथ लगानी गरी उत्पादन तथा उत्पादकत्त्व वृद्धि गरी कृषकहरुको वार्षिक आय स्तर वृद्धि गरिने छ।

३. कृषि तथा पशु क्षेत्रलाई सुधारमूखी कार्यक्रमको माध्यमबाट दिगो स्वरोजगारको श्रोत वनाउन प्राथमिकता दिइने छ।

४. कृषि तथा पशु पंक्षीको तथ्याङ्कको अध्यावधिकको माध्यमबाट वास्तविक कृषकको पहिचान र अनुदान वितरणको व्यवस्थापन तथा कृषक पुरस्कृत कार्यक्रमलाई अनिवार्य गरिने छ।

५. कृषि तथा पशु पंक्षी क्षेत्रको शुरक्षाको लागि बिमा कार्यक्रमलाई व्यवस्थित गर्न प्राविधिकहरुलाई क्षमता विकास गराई अनिवार्य बिमा गर्ने नीति अवलम्वन गरिने छ।

६. कृषि तथा पशु पंक्षी क्षेत्रको कर्मचारीहरुलाई आफ्नो जिम्मेवारी प्रति उत्तरदायी बनाउन अपुग तलव, फिल्ड भत्ता तथा आवश्यक श्रोत साधनको व्यवस्थापन गरिने छ।

७. नमुना कृषि गाउँ स्थापनाको लागी भकारो सुधार गरी पशु चौपायको मलमुत्रको उच्चतम प्रयोगबाट विषादिरहित खेतीको विस्तार गरी अर्गानिक कृषि बजारमा उत्पादित वस्तुको निर्यात गर्ने कर्यक्रमलाई विशेष प्राथमिकता दिईने छ।

८. पशु आहाराको लागि घाँस विउँ वेर्ना वितरण, घाँसे बाली श्रोत स्थापना तथा स्थानीय कच्चा पद्धार्थबाट दाना उद्योग स्थापना गर्न बजेट तर्जुमा गरिने छ।

९. कृषि तथा पशु पंक्षीको उत्पादनलाई बजार क्षेत्र सम्म पुर्याउन र कृषकहरु बिचौलियाबाट ठगीन नदिन उत्पादनको आधारमा हाँट बजारको निर्माणको आवश्यक स्थानको पहिचान गरी छिटै संचालन गरिने छ।

१०. स्थानीय वातावरण सुहाउदो नश्लको छनौट गरी पशु विकासमा उच्चतम वृद्धि ल्याउन प्राकृतिक तथा कृत्रिम गर्भधानको कार्यक्रमलाई प्राथमिक दिइने छ।

११. अण्डा ,मासु र दुधमा आत्म निर्भर हुन दुग्ध जन्य पद्धार्थ तथा मासुको गुणस्तर र स्वच्छताको लागि पूर्वधार विकास गर्दै पशुपालन तथा उत्पादनका मापदण्डहरु लागु गरी नियमित अनुगमनको व्यवस्था गरिने छ।

**गाउँसभा सदस्य ज्यूहरु**

**शिक्षा, युवा तथा खेलकुद तर्फः**

१. आवश्यकता अनुसार माडी गा पा का ग्रामिण विकट क्षेत्रमा समुदायको  आवश्यकता पहिचान अध्ययन गरि प्रारम्भिक वालविकास कक्षा सुदृढीकरण गरी प्रविधिमैत्री बनाइ संचालनमा ल्याउने व्यवस्थामा जोड दिइने छ प्रारम्भिक बालबिकास केन्द्रहरुमा आधारभूत शैक्षिक सामग्रीको व्यवस्था गरिने छ। विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई बढाउदै लगिने छ।

२. विद्यालयमा प्रयोगात्मक कार्यमा जोड दिई गर्दै सिक्दै अभियान संचालन गरिने छ आगामी आ.व.मा मेरो विद्यालयमा गरिएको एक उत्कृष्ट कार्य अभियानलाई निरन्तरता दिईने छ।

३. अन्तर विद्यालय प्रतिश्पर्धा मार्फत विद्यार्थीहरुलाई उत्प्रेरित जिज्ञासु तथा जागरुक गराउने गरि आवश्यक मानशिक तथा शारीरिक क्षमता विकासका कार्यक्रम अनि विभिन्न विद्यागत खेलकुदहरुलाई प्रवर्द्धन गर्न कार्यक्रमको आयोजना गरी उत्कृष्टलाई सम्मान तथा पुरस्कार दिइने व्यवस्था मिलाइनेछ।

४. स्थानीय श्रोत साधन र प्रविधिको अधिक प्रयोग हुने गरि स्थानीय रितिरिवाज भाषाभाषी जातजाति भेषभुषा र माडीको समग्र जानकारी सहितको पाठ्यक्रम तथा हाम्रो माडी नामक स्थानीय पाठ्यपुस्तक निर्माण गरि आधारभूत तह कक्षा १-८ सम्म संथानीय पाठ्यक्रम निर्माण भईसकेको अवस्थामा विद्यार्थिका लागि आगामी आ व मा१-५ कक्षा निःशुल्क पाठ्यपुस्तक तथा सामाग्री छपाई गरी उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

५. समुदाय र विद्यालयको साझेदारीमा **'विद्यालयमै रोजगारी वातावरण हरियाली'** कार्यक्रम संचालन गरी विद्यालय र समुदायमा उपयुक्त वातावरणसहितको हरियाली प्रवर्धन गरिने छ।

६. अभिभावकलाइ शिक्षामा लगानी र दायित्व बहन गराउन अभिभावक शिक्षा कार्यक्रम संचालन गर्ने प्रधानाध्यापक र विषयगत शिक्षकहरुलाई शैक्षिक गुणस्तर वृद्धि गर्न नवीनतम चिन्तन जगाउने पेशागत क्षमता विकास तालिम सञ्चालन गरिने छ।

७. विद्यालय शिक्षालाई निरीक्षण, सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन गर्न स्थानीय स्तरबाट शिक्षा समिति, विषय विज्ञ, प्रधानाध्यापक र स्रोत शिक्षकको व्यवस्था गरी नियमित अनुगमन, निरीक्षण गरी शैक्षिक गुणस्तर मापन गरिने छ।

८. वालवालिकालाई श्रमको अनुभूति दिलाउन र श्रमको सम्मान गर्न **एक मा.वि. एकफुलबारी** कार्यक्रम शृजना गरि लागु गर्ने नीति कार्यान्वयन गर्दै लगिने छ।

९. विद्यालयहरुमा खेलकुद मैदान र एक विद्यालय एक खेलकुद शिक्षक र  बालउद्यान पार्क निर्माण गर्ने गरिनेछ। समुदायमै उच्च शिक्षा हासिल गर्न क्याम्पस स्थापनाको गर्ने कार्यलाई आवश्यक पहल तिब्र रुपमा गरिने छ।

१०. विद्यालयस्तरबाटै सिपमुलक शिक्षाका चाहाना पुरा  गरी विद्यार्थीलाई आत्मनिर्भर बनाउन एक **विद्यालय एक सिपमुलक पेशा तथा पढाई महोत्सब**जस्ताकार्यक्रम मार्फत व्यावसायिक अवसर नवप्रवार्द्धन र तालिम प्रदान गरिने छ।

११. समृद्ध माडी अनि गुणस्तरीय शिक्षा विकास  र युवा तथा बालबालिकाको क्षमता अभिबृद्धि गर्नका लागि प्रश्न अन्तरक्रिया जनसहभागिता नवसोच दूरदर्शी र सुशासनका  निम्ति **"छलफलको पक्ष, युवा तथा बालबालिकासँग अध्यक्ष"** कार्यक्रम संचालन गरिनेछ।

१२. विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुको कानून बमोजिम मिलान/मर्ज गर्ने कार्यलाई निरन्तरता दिईने छ। साथै विद्यालयमा जाने दिवा खाजा कार्यक्रमलाई सरोकारवालहरु संगको छलफलमा व्यवस्थित एवं पारदर्शी बनाइने छ।

१३. अन्तर पालिका खेलकुद प्रतियोगिता जस्तै- रनिङ सिल्ड, अध्यक्ष कपहरु जस्ता प्रतियोगितात्मक खेलहरु सञ्चालन गरी खेलकुद क्लवहरुसंग समन्वय र सहयोग गरिने छ।

१४. विध्यार्थिलाई दिनभर नियमित कक्षामा सहभागी गराउन हाजिरी कार्डको व्यस्था गरि बिचमा हराउने ढाट्ने नियमित नाउने लाइ कार्डको संकेत लगाएतको व्यवस्था गरि नियमितता तथा गुणस्तर अभिबृदी गर्ने व्यवस्था मिलाइने छ।

१५. टुहुरा बालबालिकाहरुको सूचना संकलन गरी शैक्षिक भता दिने नीति अवलम्बन गरिनेछ।

१६. गाउँपालिका स्तरीय आधारभूत तह उतिर्ण परिक्षा कक्षा ८ को बार्षिक परीक्षालाई एकीकृतरुपमाकेन्द्रित गरि व्यवस्थित मर्यादित र विस्वसनिय बनाउन आवस्यक प्रक्रिया अगाडी बढाउने र उत्कृष्टलाई पुरस्कृत तथा प्रोत्सहान गर्ने  व्यवस्था मिलाइने छ।

१७. स्थानीय युवा तथा वालवालिकाहरुको प्रतिभा तथा ज्ञान सिप र क्षमताको विकासगर्न "**माडी गाउँपालिकाको सान, युवा प्रतिभा पहिचान**" कार्यक्रम संचालन गरी क्षमता र चेतना अभिबृद्धि गरिनेछ।

१८. एक विद्यालय चार कुरा (खेलमैदान, बगैंचा, पुस्तकालय र प्रयोगशाला) को नीतिलाई निरन्तरता दिईने छ ।एक विद्यालय एक बगैचा कार्यक्रमको प्रक्रियालाई अगाडी बढाउने व्यवस्था मिलाइने छ।

१९. विद्यालयहरुमा प्रविधिमैत्री शिक्षणलाइ प्राथमिकतामा राखी आवश्यक सामाग्री तथा उचित व्यवस्थापकीय क्रियाकलापमा ध्यान दिइने छ। प्रत्येक विद्यालयबाट एक शिक्षकलाई श्रोत शिक्षकको रुपमा Basic Computer ज्ञानको लागि तालिमको कार्यलाई निरन्तरता दिईने छ।

२०. स्थानीय जनशक्ति उत्पादनमा जोड दिन कक्षा ११ १२ मा गणित विज्ञान र अंग्रेजी विषय अध्ययन गर्न र उच्च शिक्षाका लागि चिकित्सा शिक्षा तथा इन्जिनियरिंग अध्ययन का लागि छात्रावृद्धिको पहल गरिनेछ।

२१. पालिकाभित्रका सामुदायिक विद्यालयहरुमा रिक्त हुन् आउने स्वीकृत दरबन्दी अनुदान शिक्षक र गा.पा. अनुदान कोटामा पदपूर्तिका लागि शिक्षक बैकको व्यवस्था गरि कार्यान्वयन गरिनेछ।

**गाउँसभा सदस्य ज्यूहरु**

**स्वास्थ्य क्षेत्रतर्फः**

१. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधी उपकरण तथा स्वास्थ्य सामग्रीहरुको अभाब हुन नदिन आवश्यक वजेट विनियोजन गरी खरिद तथा आपूर्ति व्यवस्थालाई सहज बनाइनेछ ।
२. अति आवश्यक स्वास्थ्य सेवा प्रवाह गर्न जनशक्ति अभाव भएको स्वास्थ्य संस्थामा करार सेवामा कर्मचारी भर्ना गर्ने व्यवस्था गरिनेछ, साथै सेवाग्राहीहरुका चापलाई मध्यनजर गर्दै आवश्यकता र औचित्यको आधारमा स्वास्थ्यका हाल कार्यरत (मौजुदा) जनशक्तिलाई आवश्यकतानुसार परिचालन तथा खटनपटन गर्ने नीति अवलम्वन गरिनेछ ।
३. स्वास्थ्य नीति र गाउँ स्वास्थ्य प्रोफाइल निर्माण गर्नका लागि बिशेष प्राथमिकताका साथ आबश्यक बजेटको ब्यबस्था गरिनेछ ।
४. नेपाल सरकारको निति अनुरुप "म स्वस्थ मेरो समुदाय स्वस्थ" घर टोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमलाई सुरुवात गरी प्रभावकारी रुपमा सञ्चालन गरिने छ।
५. नेपाल सरकारबाट स्वीकृत स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रमको अक्षरशः पालना गरि प्रभाबकारी कार्यान्वयन गरि आम नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
६. पालिकाको आफ्नै पहलमा जेष्ठ नागरिकहरुलाई निश्चित समयावधिको अन्तरालमा उनीहरुको घरमै गई स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ ।
७. स्वास्थ्य बिमा बोर्डसंग समन्वय गरि स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभाबकारी बनाइनेछ ।
८. स्वास्थ्यका सूचकांकहरुका बारेमा नियमित छलफल गर्न मासिक बैठक,अर्धवार्षिक र वार्षिक समिक्षा गोष्ठी संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ, साथै कार्यसम्पादनका आधारमा उत्कृष्ट स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन गर्ने नीति अख्तियारी गरिनेछ।
९. सम्पादित स्वास्थ्यका क्रियाकलापहरुलाई ब्यबस्थित रुपमा अभिलेखीकरण र प्रतिबेदन गर्न आबश्यक एच.एम.आई.एस. टूल्स छपाई गर्न र सफ्टवेरमा आधारित इलेक्ट्रोनिक हेल्थ सिस्टम जस्तै DHIS 2, ELMIS, ETB आदिको अध्यावधिक, संचालन र ब्यबस्थापनका लागि आबश्यक क्रियालापहरु संचालन गरिनेछ ।
१०. स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई प्रोत्साहन गर्न आबश्यक बजेटको ब्यबस्था गरिनेछ
११. गाउँपालिका क्षेत्रभित्र संचालन भएका निजी अस्पताल,क्लिनिक तथा औषधी पसलहरुको स्वास्थ्य कार्यालय, रोल्पा र जिल्ला प्रशासन कार्यालय, रोल्पा संग समन्वय गरि अनुगमन गरी मापदण्ड अनुसार संचालन गर्न पहल गरिनेछ ।
१२. महामारी तथा मनसुनजन्य विपदलाई मध्यनजर गरी उक्त विपद्लाई रोकथाम तथा व्यवस्थापन गर्न अत्यावश्यक औषधीहरु, प्रयोगशाला सामग्री, प्राथमिक उपचार किट बक्स आदिको ब्यबस्थापन गर्न र पालिका तथा वडा स्तरीय विपद ब्यबस्थापन समिति तथा द्रुत्त प्रतिकार्य टोली (RRT) लाई सक्रिय बनाई परिचालन गर्न आवश्यक रकम विनियोजन गरिनेछ ।
१३. मनसुनजन्य महामारी जस्तो औलो, डेंगु,स्क्रब टाइफस आदिका लागि परिक्षण गर्ने किटको अभाब हुन दिइने छैन र तिनीहरुको उपचारको ब्यबस्थापनको लागि बजेटको ब्यबस्था गरिनेछ ।
१४. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको स्वास्थ्य चौकीबाट निःशुल्क प्रदान गर्नुपर्ने सबै प्रकारका प्रकारका औषधीहरुको बर्षैभरी अभाव हुन नदिन आवश्यक रकम विनियोजन गरिनेछ ।
१५. वर्थिङ्ग सेन्टरहरुमा गुणस्तरयुक्त डेलिभरी वेड अन्य उपकरणहरु खरिद गर्ने व्यवस्था मिलाइनेछ, बर्थिंग सेन्टरलाई बैधानिकता प्रदान गर्न र गुणस्तरको सुनिश्चित गर्न आधिकारिक बर्थिंग सेन्टर घोषणा गरिनेछ ।
१६. पूर्ण संस्थागत सुत्केरीयुक्त पालिका बनाउनको लागि क्रमश वडा देखि पालिका सम्म अभिमुखीकरण सहितको बिशेष कार्यक्रम प्याकेज संचालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
१७. स्वास्थ्य गुणस्तरीय र पहुँचयुक्त बनाउन साथै दक्ष स्वास्थ्य जनशक्ति निर्माण गर्न बिभिन्न सीपमा आधारित तालिमका लागि संघ तथा प्रदेश स्तरका स्वास्थ्य तालिम केन्द्रहरुसंग आवश्यक समन्वय गरिनेछ ।
१८. अस्पतालजन्य संक्रमण रोकथामको लागि सबै स्वास्थ्य संस्थाहरुमा इन्सिनेरेटर, प्लासेंटा पिटका साथै स्वास्थ्य सेवा सहायक सामग्रीहरुको आबश्यक प्रबन्ध मिलाइनेछ, कार्यालय सहयोगीहरुलाई संक्रमण रोकथाम सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।
१९. कतिपय स्वास्थ्य संस्था भवनहरु जीर्ण तथा कोठा अपुग भएकोले मर्मत सम्भार तथा कोठा थपका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । साथै मापदण्ड अनुसारका स्वास्थ्य संस्थाका भवनहरु निर्माणका लागि आबस्यक बजेट बिनियोजन गर्न सम्बन्धित निकायहरुसंग समन्वय गरिनेछ ।

२०. सम्भव भए सम्म घर्तिगाउँ स्वास्थ्य चौकीमा नियमित MBBS डाक्टरको व्यवस्थालाई निरन्तरता दिइनेछ

२१. ल्याव सेवालाइ प्रभावकारी बनाउन ल्याब स्थापना भएका स्वास्थ्य संस्था प्रमुख र ल्याबमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई बिषयगत तालिमको व्यवस्था गरिने छ ।

२२. स्वास्थ्यकर्मी भएका बिद्यालयहरुमा स्वास्थ्य सम्बन्धी आबश्यक कमोडीटिको ब्यबस्था गरिनेछ ।

२३. पूर्ण खोपयुक्त पालिका कार्यक्रमलाई निरन्तरता दिनका लागि आबस्यक बजेट ब्यबस्था गरिनेछ ।

२४. परिबार नियोजन शिबिर र प्रजनन रुग्नता स्वास्थ्य शिविरका लागि आबश्यक रकमको ब्यबस्था गरिनेछ ।

२५. फागुन महिनालाई नसर्ने रोगको महिनाको रुपमा संचालन गरि नसर्ने रोगको भार कम गर्न, समयमै निदान र उपचार गर्ने नीति अबलम्बन गरिनेछ ।

२६. मोबाइल हेल्थ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२७. विपन्न वर्गहरुको छनोट गरी स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गरिनेछ।

२८. जन स्वास्थ्य प्रबर्धनका कार्यक्रमहरु बिशेष रुपले संचालन गरिनेछ ।

२९. बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई अझ प्रभाबकारी बनाइनेछ ।

३०. कुपोषण र नवजात शिशु तथा मातृ मृत्यु संग सम्बन्धित कार्यक्रमहरुलाई सघन र बिशेष प्याकेज बनाई संचालन गरिनेछ ।

३१. उपचारात्मक र स्वास्थ्य प्रबर्द्धनात्मक कार्यक्रमलाई बिशेष जोड दिदै ति कार्यक्रमहरुलाई प्रभाबकारी रुपमा संचालन गर्ने नीति अबलम्बन गरिनेछ ।

३२. स्वास्थ्यका सबै कार्यक्रमहरुलाई उत्तिकै महत्व दिदै स्वस्थ नागरिक उत्पादन गर्न सबैखाले क्रियाकालापहरु संचालन गरिनेछ ।

३३. राष्ट्रिय स्वास्थ्य नीति २०७६, नेपालको संबिधान, २०७२ को धारा ३५ र दिगो बिकास लक्ष सन् २०३० को मर्म अनुरुप स्वास्थ्यका कार्यक्रमहरुलाई बिशेष प्रामिकताका साथ् कार्ययोजना सहित संचालन गरिनेछ ।

**गाउँसभा सदस्य ज्यूहरु**

**महिला तथा बालबालिका तर्फः**

१. महिलाको आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि सीप विकास तथा व्यक्तित्व विकासका लागि उपाध्यक्ष संग महिला कार्यक्रमलाई निरन्तर सञ्चालन गरिने छ।

२. स्थानीय व्यवसायी महिलाद्धारा उत्पादित व्यवसायिक उत्पादनलाई राष्ट्रिय स्तरको वजारमा पहिचान गराई विगतमा संचालित ग्रामीण व्यवसायको निरन्तरता दिईने छ।

३. लैङ्गिक तथा घरेलु हिंसा, यौन शोसण लगायत जोखिममा परेका एकल महिला ,यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरुलाई दृष्टिगत गरी अवसर र हित प्रवर्द्धन सम्वन्धि विशेष कार्यक्रम संचालन गरिनेछ।

४. महिला तथा किशोर किशोरी माथि हुने सवै प्रकारका विभेद (सामाजिक, लैंङ्गिक, यौनिक, धार्मिक, शैक्षिक) जस्ता विभेदहरुलाई निषेध तथा निरुत्साहित गर्न समविकासका आवश्यक कार्यक्रम संचालनमा ल्याईने छ। त्यसका लागि **किशोरकिशोरी तथा आमा समूहसंग उपाध्यक्ष कार्यक्रमलाई** निरन्तरता दिईने छ।

५. हिंसा पीडित तथा प्रभावित महिला ,बालबालिका ,किशोरी ,यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरुका लागि तत्काल उद्धार ,निशुल्क कानूनी सहायता मनोसामाजिक परामर्श र सीपमूलक कार्यक्रम गर्नका लागि महिला उद्धार तथा सहायता कोष स्थापना गरिने छ।

६. वडा स्तरीय महिला संजालको क्षमता अभिवृद्धि गर्ने र टोल स्तरमा महिला संजाल गठन गरी अभिमुखिकरण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

७. बालश्रमिक तथा बालश्रम उन्मुलन कार्यक्रमहरुको तर्जुमा तथा बालश्रममा आश्रित परिवारका लागि पनि कार्यक्रमबाट सम्बोधन गरी बालश्रम उन्मुलन र बालमैत्री स्थानीय तह निर्माण गरिने छ।

८. बालविवाह, कम उमेरमा विवाह, जबर्जस्ती विवाह तथा लागु औषध दुर्व्यसनी जस्ता घातक/हानिकारक व्यवहारको अन्त्य गर्नका लागि बाह्य संघ, संस्था तथा सरोकारवाला निकायसँग समन्वय गरी आवश्यक कार्यक्रमलाई संचालन गरिने छ।

९. अपांगता भएका व्यक्तिका लागि आय –आर्जन गर्ने कार्यक्रम तर्जुमा गरी उनीहरुलाई आत्मनिर्भर बनाउनु साथै त्यस्ता व्यक्तिप्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास, विभेद र सबै प्रकारका हिंसा नियन्त्रण र निराकरण गर्ने कार्यक्रम संचालन गरिने छ।

१०. सार्वजनिक भवन तथा पूर्वाधार निर्माण गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री बनाइनेछ।

११. समाजका अग्रज सम्मानित ज्येष्ठ नागरिकको भूमिका ,योगदान ,अन्तपुस्ता ज्ञान अनुभव र सीप हस्तान्तरणलाई उच्च महत्व दिई आर्थिक सामाजिक रुपान्तरण र विकासमा उपयोग गरिने छ।

१२. ज्येष्ठ नागरिकहरुलाई नीति निर्माणमा सहभागिता र स्रोत साधनमा पहुँच बढाई अपनत्व वृद्धि गरिनेछ साथै ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुर्याएको योगदानको आधारमा सम्मान र आदर गरिने छ।

१३. ज्येष्ठ नागरिकप्रति हुनसक्ने विभिन्न प्रकारका हिंसा तथा दुर्व्यवहार नियन्त्रणका लागि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

१४. जातीय भेदभाव तथा छुवाछुत मुक्त वडा घोषणालाई निरन्तरता दिईनेछ र आ.व.२०८२/०८३ भित्र जातीय भेदभाव तथा छुवाछुत मुक्त गाउँपालिका घोषणा गरिने छ।

१५. समाजमा रहेका मान्यता प्राप्त विभिन्न संघ संस्थाहरुलाई तालिम तथा चेतना अभिवृद्धि गरी सामाजिक अभियानमा संलग्न हुनको लागि प्रोत्साहित गरिनेछ।

१६. द्वन्द्व पीडित, शहिद परिवार, घाइते अपाङ्ग र विपन्न परिवारहरुको स्वास्थ्य वीमाको व्यवस्था गर्न कार्यविधि बनाई कार्यक्रम संचालन गरिने छ।

१७. महिला, दलित, जनजाती र फरक क्षमता भएका व्यक्तिहरुलाई सीपमुलक नेतृत्व विकास र आय आर्जनमुलक तालिम प्रदान गरी आत्म निर्भर बनाइने छ।

१८. क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी बजेट तथा सामाजिक समावेशी बजेट निर्माण एंव परीक्षण तथा समविकास कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

१९. महिला तथा बञ्चितीकरणमा परेका समूहहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पाहिचान र परिपूर्ति गर्ने विषयमा दीगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य नं. ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुरुप बजेट विनियोजन गरिने छ।

२०. अपाङ्ग परिचय पत्र वितरण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसीय कार्यक्रम पालिका स्तरीय महिला संजाल संचालन कार्यक्रमलाई निरन्तरता दिईने छ।

२१. संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव नं.१,३२५ र १,८२० कार्यान्वयन गर्न कार्यविधि बनाई कार्यक्रम संचालन गर्न आवश्यक वजेटको व्यवस्था गरिने छ।

२२. बालश्रम मुक्त गाउँपालिका घोषणाको लागि आवश्यक संयन्त्रको विकास गर्न नीतिगत तथा कानूनी व्यवस्था गरिने छ।

२३. गाउँपालिका भित्र रहेका विपन्न वर्ग तथा लोपन्मुख र सिमान्तकृत समुदायकको पहिचान तथा सशक्तिकरणको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ।

**गाउँसभा सदस्य ज्यूहरु**

**वास कार्यक्रमः**

१. एक घर एक धाराको नीति अनुरुप माडी गाउँपालिकामा ४,६३७ घरधुरी मध्ये ३,११८ घरधुरीमा एक घर एक धारा निर्माण कार्य भई सुचारु भएको र बाँकी १,५१९ घरधुरीमा एक घर एक धारा निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ।

२. WASH रणनीतिक योजना अनुसार सन् २,०२८ सम्म पूर्ण सरसफाइ उन्मुख पालिका घोषणा अनुरुप साविकका वडा र नमूना टोल/वस्ती हुँदै वडा नं १,२ र ६ पूर्ण सरसफाई उन्मुख घोषणा भएका र बाँकी वडा नं ३,४ र ५ लाई पनि पूर्ण सरसफाइ उन्मुख घोषणाका लागि विषय सूचकहरुलाई निरन्तरता दिइने छ।

३. भकारो सुधार कार्यक्रम अन्तर्गत एक घर एक गोठ निर्माण योजना अनुरुप ४,६३७ घरधुरी मध्ये ६४१ घरधुरीमा एक घर एक गोठ मात्र निर्माण कार्य सम्पन्न भएको र बाँकी ३,९९६ पनि एक घर एक गोठ निर्माण कार्यलाई निरन्तरता दिइन्छ।

४. गाउँपालिका सबै खानेपानी योजनाहरुको पानीको नियमित गुणस्तर परिक्षण (कोलिफर्म टेष्ट) गर्ने क्रममा हाल सम्म किट वक्स मार्फत ल्याब परिक्षण गरी ४९ वटा खानेपानीका योजनाहरमा भएको र बाँकी योजनहरुमा पनि पानी ल्याव टेस्टको कार्यलाई निरनतरता दिइने छ। साथै पानी शुद्धिकरणका लागि आवश्यकताको परिपालनको आधारमा ४,६३७ घरधुरी मध्ये २,२०१ घरधुरीमा फिल्टर भएको र बाँकी २,४३६ घरधुरीमामा फिल्टरको व्यवस्थालाई निरन्तरता दिइने छ।

५. चुलो प्रबर्धन कार्यक्रम अन्तर्गत सुधारिएको चुलो जडान तथा निर्माण ३,२६० घरधुरीमा जडान भएको बाँकी १,३७७ घरधुरीमा पनि जडान तथा निर्माण कार्यक्रम सञ्चालन गरिनेछ। त्यसै गरी चाङ र जुठ्यान २,९९८ घरधुरीमा निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याएको र बाँकी १,६३९ घरधुरीमा पनि निर्माण कार्यमा निरन्तरता दिइने छ।

६. सबै वडामा पूर्ण सरसफाइ कृयाकलापको लागि बजेट विनियोजन गरिने छ ।

७. खानेपानी, सरसफाइ उपभोक्ता समिति तथा संजाल पदाधिकारीहरुसँग विषयवस्तुगत तालिम, अभिमुखिकरण,गोष्ठी संचालन गरिने छ।
८. विद्यालयमा (WASH) अन्तर्गत बाल क्लव गठन, पुनर गठन तथा अभिमुखिकरणका कार्यक्रमहरु संचालन गरिने छ।
९. टोल विकास संस्था, आमा समूह, महिला स्वास्थ्य स्वयम सेविका, सरसफाइ टोल समूह, वन, क्लव, विभिन्न संघ संस्था, संजालतथा सरोकारवाला, राजनीतिक दल आदि निकायहरुसँग पूर्ण सरसफाइका विषय सूचक सम्बन्धी कक्षा सञ्चालन गरिने छ।
१०. गाउँपालिका मुख्य बजार क्षेत्रमा फोहोर व्यवस्थापनका लागि बजार व्यवस्थापन समितिहरुलाई अभिमुखिकरण गरिने छ।
११. पालिका अन्तर्गत मुख्य बजार क्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साइडको व्यवस्था गरिने छ।
१२. WASH Plan Data Update का लागि ५९ वटा खानेपी योजनाहरु मोवाइ एप्कलिकेशन मार्फत N WASH MIS को सर्भरमा लपलोड भइसकेको र बाँकी सवै खानेपानीका योजनाहरुको तथ्यङ्कलाई पनि यसै गरी थप प्रभावकारी र पार्दर्शिता वनाइने छ।
१३. बजार तथा टोलवस्तीमा फोहोरमैलाको उचित व्यवस्थापन सम्बन्धी तालिम, अभिमुखिकरण तथा प्रचारप्रशार सन्देशमुलक सूचक र सामाग्री वितरण गरिने छ।
१४. आनीवानी तथा व्यवहार परिवर्तनका लागि सन्देशमुलक सूचनाहरु स्थानिय मेडिया मार्फत सम्प्रेशन गर्नलाई निरन्तरता दिइने छ।
१५. अन्तर वडा स्तरीय अवलोकन भ्रमण तथा सिकाइ आदन प्रदान कार्यक्रम सञ्चालन गरिने छ ।
१६. माडी गाउँपालिकाको रणनीतिक योजना अनुसार पूर्ण सरसफाइ अभियान तथा नमूना वडा तथा टोलहरुमा उन्मुख घोषणा हुने छन्।
१७. खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सडक नाटक पदर्सन गरिने छ।
१८. फोहोरको वर्गीकरणका लागि सम्बन्धित निकायलाई आवश्यक पहल गरिने छ।
१९. कार्यक्रमको मासिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गरिने छ।
२०. WASH कार्यक्रम अन्तर्गत भएगरेका सबै क्रियाकलापहरुको अर्धवार्षिक तथा वार्षिक समीक्षा गरिने छ।
२१. WASH कार्यक्रमको अनुगमन, मुल्यांकन तथा जवाफदेहितालाई निरन्तरता दिइने छ।

**गाउँसभा सदस्य ज्यूहरु**

**गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फः**

१. लघु उद्यम विकास कार्यक्रम छनोट भएको बस्ती तथा टोलमा **एक घर एक उद्यम व्यवसाय** स्थापना गरी गरिने छ।
२. उद्यम विकास तथा रोजगार सृजना सम्बन्धी दिगो विकासको रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याईने छ।
३. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमशिलता विकास, वित्तीय पहुचमा वृद्धि र उत्पादित बस्तु तथा सेवाको बजारीकरणमा सहयोग गरी आर्थिक तथा प्राविधिक रुपमा वृद्धि भई जिविकोपार्जनमा टेवा पुर्याई गरिबी न्यूनीकरणमा सहयोग पुग्ने छ।
४. स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाहरुलाई राष्ट्रिय स्तरमा पहिचान गराई माग, स्रोत साधनको उपलब्धता र जनचाहनामा आधारित उद्यमहरुको स्थापना गर्नुका साथै विगतमा संचालित उद्यमीहरुको स्तरउन्ति वा निरन्तरता दिईने छ।
५. स्थानीय तह मार्फत नयाँ उद्यमी सृजनाको लागि तथा विगत तीन बर्ष वा सो भन्दा पहिले व्यवसाय गर्दै आएका संचालित लघु उद्यमीको लागि प्राविधिक सीप विकास तालिम तथा आवश्यकता अनुसार उपयुक्त प्रविधि हस्तान्तरण गरिने छ।
६. यस पालिकामा आर्थिक तथा सामाजिक रुपले उत्पीडनमा परेका वा पारिएका समुदाय जस्तैः दलित, महिला, जनजाति तथा आर्थिक हिसावले विपन्न किसान, मजदुर र बेरोजगार व्यक्तिहरुका लागि रोजगार सिर्जना गरी सो लघु उद्यमको प्रवद्धन गरिने छ।
७. लघु उद्यमी समुहहरुले उत्पादन गरेका वस्तु वा सेवाको प्रवर्द्धन गरिनुका साथै गा.पा भित्रका लघु उद्यम विकास क्षेत्रको परिचान गरिने छ।
८. उद्योग क्षेत्रमा आवश्यक जनशक्तिको दिगो विकास र क्षमता अभिवृद्धि गर्न आवश्यकतामा आधारित तालिम गरिने छ।
९. सीप विकास तालिम संचालन गर्दा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई पनि विशेष प्राथामिकता दिई लघु उद्यममा समावेश गरिने छ।
१०. गाउँपालिकाको ६ वटै वडाबाट समावेश हुने गरी श्रमिकहरुको सीप र दक्षता वृद्धि गर्न पल्मविङ्ग, सिकर्मी र डकर्मी तालिम संचालन गरिने छ।
११. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०७/०४ गतेका निर्णयबाट पारित भएको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मेड मोडल बमोजिम सामाजिक परिचालन,

उधमशीलता विकास तालिम, सीप विकास तालिम, वितीय सेवामा पहुँच, प्रविधिमा पहुँच, बजार र बजारीकरणमा सहयोग तथा व्यससायीक परामर्श जस्ता ६ वडा संघीय सरकारको शसर्त अनुदानमा संचालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सँग आवश्यक समन्वय र सहकार्य गरिने छ।

**गाउँसभा सदस्य ज्यूहरु**

**प्रधानमन्त्री रोजगार कार्यक्रमः**

१. आ.व. २०८२/२०८३ को लागि न्यूनतम रोजगारीको प्रत्याभूतको लागि रोजगार सेवा केन्द्रमा सुचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत संचालन गरिने रोजगारमुलक आयोजनाहरुमाप्राथामिकिकरणको आधारमा न्यूनतम रोजगारी उलब्ध गराउन रोजगारी सृजनामा संलग्न गराइने छ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रम बाहेक गाउँपालिकाबाट पनि बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी उपलब्ध गराउन श्रममुलक आयोजनाहरु मार्फत रोजगारी सृजना गरिने छ।

३. गाउँपालिका वडापालिका निजी क्षेत्र र अन्य गैरसरकारी निकाय मार्फत कार्यान्वयन हुने श्रममुलक आयोजनाहरुमा श्रमिकहरु खटाउदा सम्बन्धित निकायहरुसंग समन्वय गरी आयोजना पायक पर्न बस्तीबाट सुचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई खटाउन पहिलो प्राथामिकता दिइने छ।

४. यस गाउँपालिकामा रोजगारदाता र अन्य साझेदारीहरुको तथ्याङ्क संकलन गरी पहिचान र नकसाङ्कन अद्यावधिक गरिने छ।

५. आयोजनाहरुको छनौट गर्दा उत्पादनमुलक रोजगारी सृजना हुने खालका आयोजनाहरु छनौट गरिने छ।

६. रोजगारमा संलग्न भएका सुचीकृत बेरोजगार व्यक्तिहरुलाई दक्ष एवं सक्षम जनशक्ति बनाउन सीपमुलक तालिमहरु सञ्चालन गरी रोजगार वा स्वरोजगारमा संलग्न गराइने छ।

७. वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेका सीप अनुभव ज्ञान पुँजी तथा प्रविधि उपयोग गरी उनीहरुलाई रोजगार तथा स्वरोजगार बनाउन पुनःएकीकरण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

८. वैदेशिक रोजगार सम्बन्धी सम्बन्धित निकायबाट जारी भएका महत्वपूर्ण सूचनाहरु रोजगार सेवाकेन्द्र मार्फत सम्प्रेषण गरिने छ।वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीको लागि प्रदान गर्ने पुनःश्रम स्वीकृति सम्बन्धि कामको लागि आवश्यक सहजीकरण गरिने छ।

९. वैदेशिक रोजगारवोर्डको सचिवालयबाट प्रदान गरिने कल्याणकारी सेवाका लागि पुर्याउनुपर्ने सम्पुर्ण प्रकृयाको लागि सहजीकरण गरी सम्बन्धित वैदेशिक रोजगारमा संलग्न व्यक्ति एवं परिवारको सदस्यहरुलाई सेवा प्रदान गरिनेछ।

१०. वैदेशिक रोजगारमा गएका र फर्केका व्यक्तिहरुको विवरण संकलन गरी पालिका profile तयार गरिने छ।

११. रोजगार वा स्वरोजगार सेवा सुनिश्चत गर्न आवश्यक ५ वर्षे रोजगार रणनीति तयार गरिने छ।

१२. वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा परामर्शको लागि समुदाय स्तरमा गहन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।

१३. सामाजिक सुरक्षा कोषले वैदेशिक रोजगारमा संलग्न व्यक्ति, औपचारिक वा अनौपचारिक क्षेत्रमा काम गर्ने व्यक्तिहरु र सो व्यक्तिका परिवारका सदस्यलाईको लागि संचालन गर्न योजनामा संलग्न हुने प्रकृयाको वारेमा अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ।

१४. गनतव्य मुलुकमा समस्यामा परेका नेपाली कामदारको लागि कन्सुलर सेवा विभागबाट प्रदान गरिने राहत, उद्धार, स्वदेशी फिर्ता तथा क्षतिपूर्ति प्राप्ती जस्ता सेवामा सहज प्राप्तीको लागि सहजीकरण गरिने छ।

१५. वैदेशिक रोजगारबाट प्राप्त भएको विप्रेषणलाई सदुपयोग गर्न समुदाय स्तरमा विप्रेषण प्राप्त घरपरिवारलाई वित्तिय साक्षरता कक्षा सञ्चालन गरिने छ।

१६. लघुउद्यम विकास कार्यक्रमसंग समन्वय गरी सो कार्यक्रमले संचालन गर्ने सीपमुलक तालिममा सुचीकृत बेरोजगार व्यक्तिलाई सहभागी गराई रोजगार एवं स्वरोजगारद्वारा आत्मनिर्भर गराइने छ ।

१७. मानसिक समस्यमा परेका वैदेशिक रोजगारमा वा अन्य रोजगारमा संलग्न व्यक्ति र परिवारको सदस्यहरुलाई मनोसामाजिक परामर्शसेवा प्रदान गरिने छ।

१८. महिला तथा बालबालिका शाखासंग समन्वय र सहकार्यमा बालश्रम मुक्त स्थानीय तह घोषणाको लागि नीतिगत तथा कानुनी व्यवस्था गरिनुका साथै संरचनागत संयन्त्रहरु गठन गरी विभिन्न क्रियाकलापहरु प्रभावकारी रुपमा संचालन गरिने छ।

१९. श्रम सहकारी तथा श्रम ऐन् जस्ता नीतीगत व्यवस्था गरिने छ।

२०. वैदेशिक रोजगारबाई फर्केका व्यक्ति Returnee Volunteer परिचालन गरी घरदैलो सम्म नै सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतना प्रवाह गरिने छ।

२१. श्रम र रोजगारी क्षेत्रको समुचित व्यवस्थाको लागि सुरक्षित आप्रवासन कार्यविधि तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको लागि व्यवस्था मिलाइने छ।

**गाउँसभा सदस्य ज्यूहरु**

**आयुर्वेदतर्फः**

१. माडी गाउँपालिका भित्रका नागरिकलाई आयुर्वेद ओषधालयबाट सहज रुपमा निशुल्क स्वास्थ्य सेवा प्रदान गरिने छ।
२. यस गाउँपालिकामा आयुर्वेद स्वास्थ्य सेवा प्रदान गर्न अन्यावश्यक सहित अन्य औषधि समेत खरिद गरी सेवा प्रवाह गरिने छ।
३. मेरो स्वास्थ्य मेरो जिम्मेवारी लाई अघि बढाउन निरोगी नेपाल अभियान भन्ने कुरालाई बोध गराई स्वस्थ आहार व्यवहारको माध्यमबाट स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्ने कार्यलाई निरन्तरता दिईने छ।
४. पञ्च कर्म अन्तर्गत पूर्वकर्मको लागि बाथनासक मालिस गर्ने तेल प्रशस्त मात्रमा वितरण गरी नशा सम्बन्धी रोगहरुको न्यूनीकरण गरिने छ।
५. विद्यालय, टोल समुदाय स्तरमा स्वस्थ्य जिवनशैली सुधार तथा आहार विहार र पोषण सम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम गरिने छ।
६. यस गाउँपालिकामा पाइने औषधी गुणयुक्त जडीवुटीहरुको पहिचान, उपयोगिता र प्रयोग गर्ने विधिको बारेमा जानकारी आदानप्रदान गर्ने कार्यलाई प्रभावकारी बनाईने छ।
७. रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्न नदिनु श्रेष्ठ उपाय हो यो युक्तिलाई विशेष जोड दिईने छ ।
८. ज्येष्ठ नागरिक हरुको स्वास्थ्य संरक्षण र प्रवर्द्धन सेवा संचालन गर्न शक्तिबर्धक तथा प्राङ्गारीक औषधीहरुको व्यवस्था मिलाइने छ।
९. विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रमद्वारा विद्यार्थीहरुमा र सोहि विद्यार्थीहरु मार्फत अभिभावकहरुमा जनचेतना अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिईने छ।
१०. अव्यवस्थित खानपिन र दिनचर्याका कारण दिनानुदिन नसर्ने रोगहरुको व्यापता भई रोगीहरु बढिहरेको हुदाँ त्यसको न्यूनिकरणका लागि उचित खानपिन र दैनिक चर्याहरु सुधार गर्न प्रेरित गरिने छ।
११. आयुर्वेद सेवाको महत्वका बारेमा वडा स्तरमा नै सचेतना कार्यक्रम गरिने छ। सोका लागि वडा तथा टोल छनौट गरी आयुर्वेद शिविर सञ्चालन गरिने छ।

**गाउँसभा सदस्य ज्यूहरु**

**व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा तर्फः**

१. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता प्रणालीलाई थप व्यवस्थित गर्नका लागि प्रत्येक वडा तथा गाउँ टोलमा गई विभिन्न जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ।
२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुलाई सुचीकृत हुन सहज वातावरण तयार गरिने छ र भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुको परिचय पत्र नविकरण गर्न सम्बन्धित गाउँ तथा टोल बस्तीमा जनशक्ति परिचालनको व्यस्था मिलाईने छ।
३. सामाजिक सुरक्षा भत्ता पाउँन योग्य सुचिकृत भएका लाभग्राहीहरुको वायोम्याट्रिक्स प्रणालीबाट नविकरण गर्ने व्यवस्था मिलाउँनुका साथै वडा-वडामा गई वडा सचिवहरुलाई डिभाइस वितरण गरी संचालन गर्न सहजिकरण गरिने छ।
४. गाउँपालिकामा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सुदृढीकरण आयोजना अन्तर्गत नेपाल सरकार पञ्जिकरण विभाग र माडी गाउपालिका रोल्पाको स्रोत साझेदारी प्रतिबद्धता अनुसार एम आइ एस अपरेटर र फिल्ड सहायक को ६ महिना बराबरको पारिश्रमिक को व्यवस्था गाउँपालिकाले गर्ने प्रतिवद्धता लाई निरन्तर कार्यान्वयन गरिनेछ।

**गाउँसभा सदस्य ज्यूहरु**

**बहुक्षेत्रीय पोषण कार्यक्रमः**

१. स्थानीय तहको पोषण प्रोफाईल निर्माण तथा अध्यावधिक गरी सोही अनुसार लक्षित टोल बस्ति छनोट गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ।
२. लक्षितसमूह (गर्भवती, सुत्केरी, ५वर्ष मुनिका बालबालिका) का लागि नियमित पोषण परीक्षण गर्ने व्यवस्था मिलाईने छ।
३. स्तनपान तथा पूरक आहारबारे व्यवहार परिवर्तन सञ्चार कार्यक्रम (BCC) सञ्चालन गरिने छ।
४. पोषण युक्त बाली (Biofortified crops)को उत्पादन र घर बगैंचाको प्रवर्द्धन गर्ने व्यवस्था मिलाईने छ।
५. विपन्न किसान, महिला तथा दलित लाई, सुनौला हजार दिनका घर परिवारहरु लाई पोषण मूलक आय आर्जनयुक्त कृषि कार्यक्रम (जस्तैकुखुरा, तरकारी, बाखापालन) को लागि अनुदानको व्यवस्था गरिने छ।
६. सामूहिक खेतीमा पोषणका लागि स्थानीय रैथाने बालीको प्रवर्द्धनमा प्रोत्साहन प्रोत्साहन गरिने छ विद्यालयहरुमा नमूना कृषि कार्यक्रम संचालन गर्न बजेतको व्यवस्था गरिने छ। कृषि प्रसार सेवा मार्फत पोषण शिक्षा समावेश गरि लागु गरिने छ।

७. विद्यालयमा पोषण, सरसफाइ,र स्वास्थ्य शिक्षाको व्यवस्था दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादन प्रयोग गर्ने गरी कार्यविधि निर्माण गरि लागु गरिने छ।

८. किशोरी शिक्षामा आइरन ट्याब्लेट वितरणरमा सिकप्रियड व्यवस्थापनको लागि सेनेटरी प्याड लगाएतका सामग्रीहरुको सुनिश्चितता गरिने छ।साथै पोषण क्लवहरु मार्फत पोषण सरसफाई चेतना अभिवृद्धि गराउने व्यवस्था मिलाईने छ।

९. सबै वडामा सुरक्षित खानेपानी पहुँच सुनिश्चित,पूर्ण सरसफाई अभियान मार्फत विद्याल र घरमा हात धुने चाङ जुथ्यानको जस्ता पूर्वाधार निर्माण गर्न व्यवस्था मिलाईने छ।समुदायमा नियमित सरसफाई अभियान संचालन गर्ने व्यवस्था मिलाईने छ।

१०. सुनौला हजार दिनका महिला समुहहरूलाई पोषण सम्बन्धी तालिम र पोषण सामाग्रीहरु उपलब्ध गराईने छ।

११. किशोरीहरू लाई जीवन उपयोगि सीप तथा पोषण शिक्षा, घरेलु हिंसा तथा बालविवाह न्यूनीकरण गरि पोषण अवस्था सुधारन कार्यक्रम संचालन गरिने छ।

१२. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने व्यवस्था गरिने छ।

१३. वार्षिक निति तथा कार्यक्रम अनुसार पालिकाको बार्षिक बजेटको न्यूनतम ५% वा तोकीयको निश्चित प्रतिशत रकम पोषण कार्यक्रमका लागि विनियोजन गर्ने व्यवस्था मिलाईने छ।

१४. अपांगता, अतिविपन्न र एकल आमाहरूलाई लक्षित नगत तथा खाद्यान्न सहायता कार्यक्रम उपलब्ध गराउने व्यवस्था गरिने छ।

१५. बहुक्षेत्रीय पोषण योजना तेस्रोले परिलक्षित गरेको उद्येश्य लक्ष्य प्राप्तिका लागि अन्य निति तथा कार्यक्रमहरु अवलम्बन गर्ने व्यवस्था मिलाईने छ।

**गाउँसभा सदस्य ज्यूहरु**

**भूमी व्यवस्थापन तथा घर नाप नक्शा तर्फः**

१. भूमि व्यावस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न नेपाल सरकारले जारी गरेको भू-उपयोग ऐन ,२०७६ र नियामावली, २०७९ ले तोकिए बमोजिम भू-उपयोग वर्गीकरण गरिने छ।

२. मालपोत ऐन, २०३४ र मालपोत नियमावली, २०३६ अनुसार गा.पाभित्र सम्बन्धित् नागरिकलाई मालपोत तथा घर बहाल कर सम्बन्धी करलाई दायरामा लिई राजस्वको संकलन कार्यलाई थप प्रभावकारी रुपमा अगाडी बढाईने छ।

३. नेपाल सरकारको भवन, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ बमोजिम गाउँपालिका भित्र बन्ने सम्पुर्ण संरचनालाई भू-जोखिम तथा संवेदनशिलतालाई आधार मानि पक्की घर नक्सा पास नगरी भवन तथा घर निमार्ण गर्ने कार्यलाई रोक तथा पुरानो बनेका संरचनालाई अभिलेखीकरण प्रकियामा ल्याइने छ ।

४. भूमिहिन दलित , भूमीहिन सुकम्बासी र अव्यवस्थित बासोबासको लगत संकलन, छानविन गरी निस्सा तथा जग्गा धनी प्रमाण पूर्जा वितरण गर्ने कार्य अगाडी बदाइनेछ ।

५. गाउँपालिक भित्र रहेको सडकले चर्चेको जग्गाको लगत कट्टा गर्ने प्रक्रियालाई अगाडी बढाईने छ।

६. सरकारी तथा सार्वजनिक जग्गाको अतिक्रमण र बाढि, पहिरो, भूक्ष्य, नदी कटान जस्ता विपद् जन्य कार्यलाई नियन्त्रण तथा खाली तथा नाङ्गा सा मुदायक वन जंगलहरुमा वृक्षारोपण गर्न सरोकारवाला सम्बन्धित् निकाय तथा पक्षसंग समन्वय गरी सो कार्य प्रक्रिया अगाडी बढाईने छ।

**गाउँसभा सदस्य ज्यूहरु**

**योजना तथा अनुगमन तर्फः**

१. उपभोक्ता समितिको क्षमता अभिवृद्धिका लागि योजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तालिम तालिमको व्यवस्था गरिनेछ ।

२. जनश्रमदान गर्न नसकिने निर्माण योजनाहरुमा ठेक्का मार्फत कार्य गराउने र उपभोक्ता समिति मार्फत गर्नुपर्ने योजनाहरुलाई योजनाको प्रकृति अनुसार दश देखि वीस प्रतिशतसम्म जनश्रमदान गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ।

३. दिगो विकास लक्ष्यका सूचकहरुलाई प्राथामिकतामा राखी योजना तथा कार्यकमहरु बनाउने नीतिलाई निरन्तरता दिईने छ ।

४. गाउँपालिका र प्रत्येक वडामा रहेका मान्यता प्राप्त विभिन्न संघ संस्थाहरुसँग वजेट साझेदारी गरी साना तथा आधारभूत योजनाहरु सम्पन्न गर्ने नीति लिईनेछ ।

५. योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाईने छ।

६. बस्ती स्तरबाट माग भएका रोजगारी सिर्जना हुनसक्ने वातावरणमा सकेसम्म कम असर पर्ने र स्थानीय सहभागीता जुट्न सक्ने बढी जनसंख्या लाभान्वित हुने तथा क्रमागत योजनाहरुको कार्यान्वयनमा प्राथमिकता दिने नीतिलाई निरन्तरता दिईने छ।

**गाउँसभा सदस्य ज्यूहरु**

**वन वातावरण तथा विपद व्यवस्थापन तर्फ :**

१. पूर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलता र सरकारी जग्गा उपयोग तथा नीजि जग्गा प्राप्ति सम्बन्धी प्रचलित मादण्डको आधारमा कार्यान्वियन गर्न सघाउ पुग्ने गरी डिजाईन र ईष्टिमेट गर्ने नीतिलाई निरन्तरता दिईने छ।

२. गाउँपालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समुहलाई व्यवस्थित गर्न तथा वन संरक्षण र सदुपयोगलाई प्रभावकारी र पारदर्शी बनाउने नीति लिईने छ ।

३. जोखिमयुक्त वस्तीको पहिचान, स्थानान्तरण र विपद् प्रभावित क्षेत्रहरुको पुनः निर्माण लगायतका कार्यलाई प्रभावकारी ढंगले सञ्चालन गर्न संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गरिने छ। विपद्को समयमा खोज, उद्धार तथा राहतका लागि विपद् व्यवस्थापन संयन्त्रको चुस्तता र सामाग्रीको सुनिश्चितता गरिने छ ।

४. कुनै पनि सामुदायिक वनजंगलको काठ कटानी गरी विक्री गर्दा सम्बन्धित वन उपभोक्ता समितिले सम्बन्धित वडा पालिकाबाट अनुमति ल्याउने व्यवस्थालाई निरन्तरता दिईने छ।

५. विपद् व्यवस्थापनका लागि अन्य पालिका, जिल्ला प्रशासन कार्यालय र सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थाहरुसँग आवश्यक सहयोग र समन्वय गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

६. रेडक्रस सोसाईटीसंग समन्वय गरी गाउँ प्रहरीलाई विपद् व्यवस्थापन सम्बन्धी तालिम दिइने छ ।

७. जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न वातावरण मैत्री अवधारणाको अवलम्बन, कार्यान्वयन गरी वृक्षारोपण रिचार्ज पोखरी निर्माण गरी हरित विकासको अवधारणालाई अनुसरण गरिने छ। वृक्षारोपण र वातावरण संरक्षणका अन्य उपाय अवलम्बन गर्ने व्यक्ति तथा संस्थाहरुलाई पुरस्कृत गरिने छ।

८. टोल विकास संस्था र वडा समिति लगायत सरोकारवाला निकायसंग समन्वय र सहकार्य गरी घर, समुदाय र बजार क्षेत्रको फोहोरको उचित थप व्यवस्थापन गरिने छ।

९. विपद् प्रतिकार्य तथा पूर्वतयारी गरी व्यवस्थापन गर्न/गराउन यस गाउँपालिकाका गाउँ, टोल, बस्तीहरु समेटिने गरी सरोकारवालाहरुलाई आवश्यक तालिम दिदाँ सम्बन्धीत निकायसँग समन्वयात्मक भूमिका निर्वाह गरिनेछ।

**गाउँसभा सदस्य ज्यूहरु**

**सुशासन तथा संस्थागत विकास तर्फः**

१. सार्वजनिक स्रोत तथा साधनको कुशलतापूर्वक उपयोगका लागि आर्थिक अनुशासन, खर्चमा मितव्ययिता र सुशासन प्रवर्द्धनमा विशेष जोड दिईने छ।

२. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण O&M यसै सभाबाट पारित गरी प्रशासन संयन्त्रलाई चुस्त संगठन संरचना मार्फत प्रशासनीक कामकारवाही सम्पादन गर्ने वातावरण मिलाइनेछ।

३. जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउनुका साथै संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि कार्यबोझ तथा कार्य प्रकृतिका अधारमा प्रोत्साहन भत्ता, प्रवर्द्धन, र पुरस्कारका साथै तालिमको पनि व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईने छ।

४. स्थानीय तहको आन्तरिक आयलाई अभिवृद्धि गर्न स्थानीय सरकारको राजश्व अधिकार क्षेत्रभित्र पर्ने स्रोतहरुको पहिचान गरी राजश्वको दायरालाई विस्तार गरिने छ।

५. गाउँपालिकाको प्रथम आवधिक योजनाको अवधि यस चालू आ.व मा समाप्त भएकोले तर्जुमा भएको गाउँपालिकाको दोस्रो पञ्चवर्षिय आवधिक योजना स्वीकृत गरी सोही योजनासंग तादाम्यता हुने गरी बजेट, मध्यमकालीन खर्च संरचना र नीति तथा कार्यक्रम समेत निर्माण गरिने छ ।

६. स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन, वित्तीय सुशासन जोखिम मूल्यांकनमा राम्रो नतिजा ल्याउने कार्यक्रमहरु सञ्चालन गरिने छ ।

७. गाउँपालिकाबाट प्रवाह गरिने सेवा र गरिने विकास एवं शासनका विविध गतिविधिहरुलाई सूचना प्रविधिमैत्री बनाई पारदर्शीता मार्फत सुशासन कायम गर्न गाउँपालिकाको डिजिटल प्रोफाईल, डिजिटल नागरिक वडापत्र, स्मार्ट कृषि प्रोफाईल लगायतका प्रविधि र उपकरणहरुको निर्माण तथा व्यवस्था गरिने छ।

८. आफ्नो क्षेत्राधिकारको अधिकतम प्रयोग गरी ऐन, नियम, नियमावली, निर्देशिका र कार्यविधिहरु निर्माण गरी तत्कालै स्थानीय राजपत्रमा प्रकाशनमा ल्याइने छ।

९. कानुनको शासनलाई अभ्यासमा ल्याउन सरोकारवालाहरुको सहभागीतामा ऐन, नियम, नियमावली, निर्देशिका र कार्यविधिहरुको मस्यौदालाई गाउँसभाद्धारा पास गरी स्थानीय राजपत्रमा प्रकाशन गरिने छ।

१०. स्थानीय तहले बनाएका सम्पुर्ण कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी कानुन बमोजिम संघ र प्रदेशको कानुन मन्त्रायमा पठाइने छ भने आवश्यकता अनुसार माग भएमा सम्बन्धित कार्यालयहरु र व्यक्तिहरुलाई समेत निशुल्क रुपमा उपलब्ध गराइने छ।

११. गाउँकार्यपालिकाको कार्यालय र वडाहरुमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरुक्षा कोषमा आवद्ध गरिनेछ।

१२. पालिकाको आवश्यकता अनुसार ऐन कानुनहरु बनाइने छ भने पुरानालाई कानुन बमोजिम संशोधन समेत गर्न सकिने छ।

**गाउँसभा सदस्य ज्यूहरु,**

यस गरिमामय गाउँ सभामा प्रस्तुत गरिएको प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट माडीवासीका आधारभूत आवश्यकताहरु परिपूर्ती गरी जिवनस्तरमा गुणात्मक सुधार हुदै जाने, उपलब्ध स्रोत साधनको अत्युत्तम उपयोगबाट आर्थिक उन्नतिमा टेवा पुग्ने र विकासको मूल प्रवाहमा सबै वर्ग क्षेत्र, समुह, समुदायहरु समाहित भई समावेशिताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्र सुदृढ हुने विश्वास लिएको छु।

**गाउँसभा सदस्य ज्यूहरु,**

उल्लेखित नीति तथा कार्यक्रम माडी गाउँपालिकाको एक्लो प्रयासबाट मात्र कार्यान्वयन गर्न सम्भव हुने छैन। यसका लागि संघ तथा प्रदेश सरकार, राजनीतिक दल, नागरिक समाज, उद्योमी व्यवसायी, सरकारी गैर सरकारी क्षेत्र, संघ संस्था, टोलविकास संस्था, पेशाकर्मी बुद्धिजीवि, संचारकर्मी लागाएत सबै माडीवासी, आमाबुवा दिदीबहिनी दाजुभाईको सक्रिय साथ र सहयोग रहने विश्वास लिएको छु।

**गाउँसभा सदस्य ज्यूहरु,**

अन्तमा, माडी गाउँपालिकाको समग्र विकासमा महत्वपूर्ण योग्दान गर्नुहुने जनप्रतिनिधि, कर्मचारी. राजनीतिक दल, निजी क्षेत्र, सरकारी तथा गैर सरकारी क्षेत्र, श्रमिक वर्ग नागरिक समाज, संचार जगत लगाएत सम्पूर्ण माडीवासीहरुलाई हार्द्धिक धन्यावाद व्यक्त गर्दछु।

**धन्यवाद ।**

**अमरसिंह घर्तिमगर**
**गा.पा अध्यक्ष**
२०८२ असार ४ गते बुधबार